# सफलताका कथा

सम्पर्क
**दलित सामाजिक विकास केन्द्र**
क.व.न.पा.–५, डंगरी चौक
कपिलवस्तु
फोन .०७६–६२०१७२, ६९२८०३
Email: dsdc2061@gmail.com, website: www.dsdc.org.np

# दलित सामाजिक विकास केन्द्र

**क.व.न.पा.५, कपिलवस्तु**

**संरक्षक :**

राम शरन रैदास (अध्यक्ष)
संजय कुमार कोरी

**सहयोगी**

गोविन्द धवल कार्यक्रम अधिकृत (अब मेरो पालो)
शतिष हरिजन कार्यक्रम संयोजक (आईपीपी)
राम कुमार महरा कार्यक्रम अधिकृत (हाम्रो पहुँच)
विन्दवासिनी हरिजन (हाम्रो पहुँच)
सुमन न्यौपाने (सेक्युवर)
रमेश कुर्मी (फिल्ड अधिकृत)
जीत नारायण यादव (कार्यक्रम संयोजक)

**सहयोगी**

सम्पूर्ण सुपरभाइजर र सामाजिक परिचालकहरु

## दुई शब्द

## १. राधिकाको रहर

गाँऊपालिकाको वडा न २ भावपुर बस्ने बर्ष ४२ को राधिका चमारका यहाँको घरमा सासुरा काशीराम चमार ६५ बर्षिय, सासु अकालपती चमार ६२ बर्षिय, श्रीमान राजेश चमार ४४ बर्षिय, छोरी अन्जनी चमार २२ बर्षिय, छोरा अवधेश चमार ८ बर्षिय गरि जम्मा ६ जनाको परिवार एकै छाना मुनि बसोबास गरि आएका छन । वहाँ एक गरिब परिवारका छाप्रोको छाना भएको घरमा बसिरहेका छन ।



वहाँगाऊ भरीमा जन्मेको बच्चारुको सालनाल काटी बच्चा जन्माएको आमाको स्याहार सुसार गरे वापतदिनको ४ किलो चावल लिन्छन । फुर्सतको बेला अरु कहाँ ज्याला मजदुरी गर छिन । त्यहीकाम बाट आफ्नो घर परिवारको जीबिका चलाउ छिन । साथै श्रीमान राजेश चमार कहिले काही भारतको दिल्लीमा ज्याला मजदुरी गरि आफ्नो छोरी अन्जनी चमारको बिबाह गरि ससुराल पठाईदिएका छन । छोरा अवधेश लाई आफ्नो गाऊका सरकारी बिद्यालयमा नाम लेखाएका छिन ।

यस समुदायको महिलाका सशक्तिकरण गर्नका लागी बि.स. २०७५ सालको असोज महिनामा दलित सामाजिक विकास केन्द्र कपिलबस्तु र युनाइटेड मिसन टु नेपालको संयुक्त साझेदारीमा संचालित जिविकोपार्जन तथा वातावरण सुधारद्धारा समुदायको उत्थानशीलता सबलीकरण परियोजना संचालन हुने यशोधरा गाऊपालिका वर्डा १, २ र ३ मा मध्ये २ न. वडामा पर्ने एक गाँउ भावपुर पनि हो । यो गाउ आर्थिक तथा सामाजिक रुपमा बिपन्न रहेको गाउहो । यो परियोजनाले महिला सशक्तिकरण, जीजिकोपार्जनका लागी तरकारी खेती, पशुपालन, माछा पालन, तथा अन्य व्यवसायका लागी सहयोग तथा सीपमुलक तालिम, सचेतनामुलक कार्यक्रम संचालन गर्छ ।

मिति २०७५ सालको पुष महिनाको २ गते का दिनभावपुरका महिला, पुरुष, समाजसेवी तथा बुद्वि जिबिको सहयोगमा गाउको बिपन्न तथा अतिबिपन्न घरधुरीका महिलाहरुलाई समेटेर ३० सदस्यीय मनकमना आत्मनिर्भर समुह गठन गरियो । हाम्रो देश पुरुष प्रधान समाजका कारण महिलाहरु मात्रको समुह बनाउने गह्रौ भएको देखिन्छ । तर परियोजनाको लक्ष्य अनुसार महिलाहरुको मात्र समुह बनाईएको छ र सामाजिक परिचालक लग्गन हरिजनको अथक प्रयास निरन्तर रहयो र गाँउमा सहयोग गर्दै आएकी दलित महिला राधिका चमारले महिलाहरुलाई बिश्वास दिलाउदै महिला अधिकारको लागी एक जुट हुनु पर्छा भन्दै समुहमा प्रतिबद्वता गर्दै समुहको अगुवाई गर्दैयस समुह छलफलको अनुसार राधिका चमारले समुहको अध्यक्ष पदमा छनौट भएका छिन । वहाँले भन्नु भयो कि र अहिले सम्म यो टोलमा कुनै सघं संस्था समितिले काम गर्न नसकेकाले म यो समुह जसरी भए पनि नियमित संचालन गर्ने गराउने छु । विगत देखि चाहि रहेको थिए कि हाम्रो गाउँमा कुनै संस्थाले महिला सम्बन्धि कार्य गरोस यो मेरोलाई अवसर हो अब मेरो रहर पुरा भएको छ । अरु समुह भन्दा राम्रो संचालन गर्ने छु । विगत ८ महिना देखि राम्रो किसिमले समुह संचालन भएको समुहका सदस्यहरु समेत भनि रहेका छन । साथै नियमित रुपमा बचत पनि भई रहेको छ । भने कुरा राधिकाले बताईन ।

**तयारकर्ता**
**लग्गन हरिजन** (सा.प.)



## २. राधिकाले रोपिन बीमाको बीउ



बीमा गराउनेको नाम : राधिका गोसाइ
आवद्व समुह : प्रगति आत्मनिर्भर समुह
ठेगाना : यशोधरा गा.पा. वार्ड न. ३, बसन्तपुर
परिवार सख्या :
समुहमा आवद्व मिति : मंसिर २०७५
परियोजना : **SECURE**

कपिलबस्तु जिल्लाको सदरमुकाम तौलिहवा देखि दक्षिण तिर पछाडी पारिएको क्षेत्र भन्ने गरिन्छ । यशोधरा गाँउपालिकाको वार्ड न. ३ बशन्तपुर एक गरिब, बिपन्न, तथा सामाजिक, राजनितिक, शैक्षिक क्षेत्रमा न्यून मात्रमा पहुँच भएको ठाँउ हो । यस ठाउका मानिसहरु परम्परा गत खेतीपाती, पशुपालन, बाखापालनलाई मुख्य पेशाको रुपमा गर्दै आएका छन । परम्परागत खेती तथा पशुपालन गर्ने भएकोले रोग तथा बिभिन्न प्राविधिक कारणले गाई, भैसी, बाखाको नस्ल सुधार हुन नसकेको, बाझोपन हुने, बिचैमा दुध छोडने, अकास्मिक मृत्युहुने, भएकोले किसानहरुले बिभिन्न घाटाहरु ब्यवहोर्ने पर्ने भएकोले थप गरिबीको चापमा मानिसहरु रहिरहेका छन । जलवायु परिर्वतनका कारण प्रकृतिक तथा कृत्रिमकारणले जाडोमा शितलहर, गर्मीमा लुह तथा बर्षामा बाढी तथा पानीले घाँस भुसाका अभावका कारण पशुपक्षीहरु दुबलाउदै जाने, उमेर न पुग्दै मर्ने भएकाले ठूलो क्षतीहुने भएकोले ऋणको बोझ थपिदै गएका हुन्छ ।

यो समयको लागी माथिका समस्याहरु धेरै नै चुनौती पूर्ण कार्य रहेको छ । यस्ता समस्याको न्यूनिकरण तथा सानधनका लागी दलित सामाजिक बिकास केन्द्रको पहलमा जीविकोपार्जन तथा वातावरण सुधार द्वारा समुदायको उत्थानशिल्ता सवलीकरण परियोजना संचालन भएको छ । यस परियोजनाले सामाजिक, आर्थिक तथा जलवायु परिर्वतनको चपेटामा परेका समुदायको सम्पन्नता स्तरीकरण गरी महिलाहरुलाई आत्मनिर्भर बनाउन महिलाहरुको सहभागीतामा आत्मनिर्भर समुह गठन गरी संचालन गरिएको छ । समुहको क्षमता अभिबृद्धि, महिला हिसा, बालअधिकार तथा संरक्षण जस्ता क्रियाकलाप संचालनगर्दे आएको छ । त्यसकै तहत बिभिन्न समुहमा पशुधनबिमा अभिमुखीकरण कार्यक्रमपनि संचालन गर्दै आएको छ । यो क्रियाकलाप समुहका सदस्यहरुको लागी नयाँ बिषय भएकोले सदस्यहरुले उत्सहित भएका छन । अहिले सम्म मानिसहरुको मात्र बीमा सुनेका थियौ । यो त पशुमा गाई, गोरु, भैसी बाखाहरुको पनि बीमाहुदो रहेछ । यो त पहिले नै जानकारी पाएको भएहाम्रो गाई, भैसी बाखा मरे पनि घाटामा पर्ने थिएनौ । बसन्तपुरको प्रगति आत्मनिर्भर समुहकी १ जना सदस्यराधिकागोसाइले उत्साहितभई आफनो घरमापालेको बाखाको बीमा दलित सामाजिक बिकास केन्द्रको पहलमा प्रिमियर बीमा कम्पनीको सहकार्यमा विमा गराएकी हुन । यो कुरा गाउ टोलमाचर्चा गर्दा गाँउकाअन्य छर छिमेक पनि उत्साहित भएका छन । पछी उहाले अफनो घरको बाखाकोबीमा गराएर सबैको अगाडी उदाहरणिय काम गरेर दे खाउनु भएको छ । यसरी उनीअन्य समुहको कार्यक्रममा जादा बीमाको बारेमा चर्चा गर्छिन ।

**तयारकर्ता**
**प्रिती गुप्ता**

## ३. पोखरीको चुनौती पुर्ण चर्चा

कपिलवस्तु जिल्ला एक पछाडी पारिएको जिल्ला हो । कपिलबस्तु जिल्लाको सदरमुकाम तौलिहवा देखी दक्षिण तिर भारतीय सिमाना संग जोडिएको ठाँउ यशोधरा गा.पा. एक अति बिपन्न पहुच नभएको गरिबी रेखामुनी बसोबास गर्दै आएको व्यक्तिहरुको बस्ती रहेको ठाँउको रुपमा चिनिन्छ । यहाँका बसोबासीहरुको जीविका चलाउन मजदुरी, बैदेशिक रोजगार तथा खेती नै मुख्य आधार हो । यहाँको किसानहरुको सिचाईको बैकल्पिक स्रोत नभएको कारण अकाशे भरमा खेती पाती गर्दै आएका छन र बर्षमा धान र गँहु मात्र लगाउने गर्दछन । त्यसले अधिकांस जग्गा चैत्र देखी असार सम्म सुख्खा भई बाझो नै रहने गर्दछ । पानीको बैकल्पिक स्रोत पनि नभएको होइन । यहाँ अधिकांश गाँउमा २ देखी ४ पोखरी रहेको पनि छ । तर पोखरीको व्यवस्थापन,संरक्षण नभएकोले पोखरीमा ६ महिना सम्म पनि पानी टिक्दैन ।

यस गाउँपालिका को वडा न.-१, २, ३ मा दलित सामाजिक बिकास केन्द्र र युनाइटेड मिसन टु नेपालको संयुक्त सझेदारीमा संचालित जिविकोपार्जान तथा वातावरण सुधारद्वार समुदायको उत्थानशिलता सवलीकरण (**SECURE**) परियोजनाले वातावरण, सिचाई, पोखरी संरक्षण, स्वास्थ्य तथा बिपद् व्यवस्थापन मा प्रत्यक्ष काम गर्ने गर्दै आएको छ । यस क्रममा परियोजनाले वातावरण सुधार तथा ३ वटा वडामा ८ वटा पोखरीको संरक्षण तथा व्यवस्थापन समिति गठन गरेको छ । सोही अर्न्तगत वडा न.२ को बिचली भडेहर टोलको दक्षिण पोखरी परियाजनाको लक्ष्यमा रहेकोले दक्षिण पोखरीको पनि व्यवस्थापन तथा संरक्षण समिति वडा अध्यक्ष अब्दुल रसिद ज्यूको उपस्थिति तथा गाँउको भेलागरी निमार्ण गरियो । दक्षिण पोखरीको इतिहास भन्ने हो भने यो पोखरी पुर्खावली नै हो । यो पोखरीमा पहिला नुहाउने, कपडा धुने, पोखरीको माटोले घर पोत्ने जस्ता घरायसी कामको लागी प्रयोगमा ल्याउने गरेको कुरा गाँउलेहरुको भनाई छ । तर जनसख्याको चाप, आधुनिकिकरणको बिकास ले पोखरीको अवस्था अस्त ब्यस्त हुदै गयो । यो पोखरीको पानीलाई पम्पसेटले तानेर सिचाई गर्ने, दिसा धुने, गाई बस्तु नुहाउने, फोहर फाल्ने, पोखरीको डिलमा दिसा पिसाब गर्ने जस्ता कार्यले पोखरीको अवस्था दिन प्रति दिन फोहर हुदै जाने, पानी सुक्ने, डिल मिच्ने कार्य हुदै गयो । पोखरीको अवस्था हेरी वडा न.२ का वडा अध्यक्ष र दलित सामाजिक बिकास केन्द्रको सहकार्य तथा यू.एम.एन.को सहयोगमा गठित पोखरी ब्यवस्थापन समितिले पोखरीमा बर्षभरी पानी राख्ने, पोखरी क्षेत्रमा खुल्ला दिसा गर्न बन्देज लगाउने, फोहर ब्यवस्थापन, आवश्यक सिमा सम्म मात्र पानी निकाल्ने, तारबार गर्ने योजना निर्माण गरियो । तर निरन्तर खुल्ला दिसा गर्ने तथा दिसा धुने बानीले पोखरीमा जाने बाटोमा समेत हिडन गाह्रो हुने, मुख, नाक छोपेर मात्र जान मिल्ने जस्ता समस्या त्यो समितिलाई काम गर्न गाह्रो बिषय बनेयो । परियोजनाका कर्मचारीले पोखरी निरक्षण, इन्जिनियर ले पोखरीको सर्वे गर्ने बेलामा समेत फोहरले २ पटक फर्केर आउने अवस्था रहेयो । त्यो ठाँउको वातावरणनै द्रुगन्धित भएकोले जो पनि त्यो ठाँउमा जान हिच्किचाउने गर्द थिए । परियोजनाले पोखरीमा यस्तै समस्या रहे काम नगर्ने चुनौती दिए पछि पोखरी ब्यवस्थापन समितिलाई समस्याको बिषय बनेयो । पोखरी ब्यवस्थापन तथा संरक्षण समितिले पुनः भोग्दै आएको समस्याको बिषयमा छलफल गर्न गाँउ भेला गरि समस्याको समाधान निकाल्यो । पोखरीमा दिसा पिसाब गर्ने तथा दिसा धुने लाई रु.५०० सम्म जरिवाना लगाउने, र पुलिस समेत सित कारवाई गर्ने सुचना, गाँउमा घर दैलो तथा भेलामा नै सम्प्रेषण गरयो । त्यस पश्च्यात समितिले आफै सक्रिय भएर पोखरीको



नक्सा तथा क्षेत्रफल निधोगरी परियोजना संग सहकार्य गरि अहिले त्यो ठाँउ बिस्तारै सफा हुदै गयो र परियोजनाले पोखरीको डिल र पानीको सतह , मर्मत गरि पोखरीको डिलमा पोल र काटे तार हाली व्यवस्थापन भएको छ । पोखरी ब्यवस्थापन समिति तथा गाँउको सहकार्यमा पोखरीको डिलमा समेत बृक्षा रोपण गरेका छन । सुख्खा समयमा पोखरीको पानी मात्र सिचाईको स्रोत भएको कारण पछि पोखरीको पानी ब्वस्थापन गर्न गाह्रो हुने भएको ले पोखरीको डिलमा १ वटा स्यालो टयुबेल समेत जडान भएको छ । पोखरीको आउटलेट बनाउन समेत समितिले वार्ड संग सहकार्य गरि १ वटा हुमपाइप उपलब्ध गराई कन्ट्रीबयूसन गरेका छन । यस समितिको सक्रियताले गाँउका अधिकाशं ब्यक्तिहरुको खुल्ला शौच गर्न सुधार भएको छ र यो गाँउका लागी यो परियोजना सहारा बनेको कुरा गाँउका बसिन्दा राम सहाय धोबीले बताउछन ।

**तयार गर्ने**
**रमेश प्रसाद कुर्मि**

## ४. पोखरी व्यवस्थापन समितिको अध्यक्ष

कपिलवस्तु जिल्लाको दक्षिण तिर भारतियसिमाना संग जोडिएको ठाँउ यशोधरा गा.पा. वडा न. १ दरखस्वा जहाँ दलित, गरिब, बिपन्ना, सामाजिक तथा आर्थिक रुपमा पछि परे का समुदायको बस्ती रहेको । त्यस समुदायको मुख्य कृषि पेशाको साथै ज्यालदारी मजदुरी गरी जिविकोपार्जन भएको पाइन्छ । त्यस ठाउको किसानहरु तरकारी तथा धान खेतीमा इच्छुक भएतापनि ज्ञान, सिप, प्रबिधी र उन्नत प्रबिधी सम्बन्धी तालिमको कमिको कारण बाली नालीमा लाग्ने रोगकिरा नियन्त्रणका लागि ज्ञानको अभावले गर्दा चाहे अनुसारको र उत्पादन र उपल्बधी हुन सकेको थिएन । दलित सामाजिक बिकास केन्द्र र युनाइटेड मिसन टु नेपाल संयुक्त सझेदारीमा संचालित जिविकोपार्जान तथा बाताबरण सुधार द्धार समुदायको उत्थान सिलता सवलीकरण परियोजनाअन्तर्गत समुदायको सामाजिक, आर्थिक, बातावरण तथा स्वास्थ्य संग सम्बन्धति जयगुरुदेव आत्मनिर्भर समुहको गठन गरियो । समुह गठन पछि समुहको सदस्याहरुको क्षमताअभिबृद्धि र आत्मा निर्भरका लागि बिभिन्न किसिमका कृषि तथा गैर कृषि तालिम र नियमित रुपमा समुह बैठक भै समुह अगाडी बढि रहेको छ । यस ठाउँका किसानहरुले तरकारी खेतीमा बढि चासोका काकारण समुहमा करैला तरकारी बालीमा सिजनमा १६ हप्ते आइ. पि. एम. कृषक पाठशाल स्थापना गरी एकिकृत शत्रुजिव ब्यवस्थापन तालिम संचालन भयो । तालिममा कृषकको परम्परागत तरिका र आइ. पि. एम. तरिकाको तुलनात्मक अध्ययन तथा परिक्षण प्रर्दशन, रसायनिक बिषदीको बिकल्पको खोजी, घरेलु बनस्पतिक झलमोलको तयारी बिभिन्न लुर तथा पासो लगाएत एकिकृत रुपमा बाली नाली ब्यवस्थापन साथै नयाँ प्रबिधीको बारेमा तालिम संचालन गरिएको थियो ।



तलिम पछि कृषकले उन्नतजातको बिउबिजनको पहिचान र प्रयोग र बाली लगाउने तरिका सिफरिस मात्रामा मलखादको प्रयोग, प्लस्टीक मलचिङ्ग, रसायनिक बिषदीको बिकल्पको रुपमा समुहिक रुपमा घरेलु बनस्पतिक झलमोल निर्माण गरी प्रयोग भैरहेको जसले गर्द रोगकिरा नियन्त्रण, बालीउत्पादनमा बृद्धि र लागतखर्च कमलाग्ने साथै स्वस्थ्यबाली उत्पादन हुने भएकाले समुहका सदस्यहरुले तरकारी उत्पादनमा उत्साहित भै तरकारी खेतीमा अग्रसर भएका छन् ।

समुहमा १६ हप्ते आइ. पि. एम. मा सहभागी समुहका सदस्य शिवशंकर पासीको भनाई, आइ. पि. एम. तालिम भन्दा पहिले आइपिएमको बारेमा जनकारी तथा ज्ञान नहुदा बालीमा देख्ने बितिकै किराको पहिचान नगरी बिषदी छर्ने, बाली लगाउने तरिकाको बाारेमा जनकारी नभएको तर तालिम पछि बालीमालाग्ने सबै किरा नोक्शान नगरी फइदा समेत गएको, बाली लगाउदा दुरी मिलाएर, सिफरिस मात्रामा मलखादको प्रयोग, बिषदीको खर्चमा बचत भएको साथै स्वस्थ्यबालीउत्पादनमा सहयोग भएको छ । यसैगरी समुहका अध्यक्ष सुशिला पासी भन्नु हुन्छ, यो तालिमहाम्रो लागिनयाँ र धेरै उपयोगिजसले एकिकृत रुपमाबालीब्यवस्थापन र स्वास्थ्यबाली उत्पादन सहयोगमा भएको छ । अन्तमा समुह गठन साथै बिभिन्न कृषितथा गैर कृषि तालिम संचालनमा सहयोग गर्ने सहयोगी निकाय यू. एम. एन. दलित सा. बि. केन्द्र र सम्पुर्ण कर्मचारीहरुलाई धन्याबाद ज्ञापन गर्न चाहन्छु ।



## ५. जो आईपिएमसे लगनलगाए

कपिलवस्तु जिल्लाको यशोधरा गा. पा. वर्डा न.१ तितिर्खा परिवारीक नाता-गोता सम्बन्ध बढी भारतमा रहेका १० जना परविार रहेका हजुर बुवा, हजुर आमा, बुवा आमा ४ भाई र २ जना दिदि, बैनीको परिवारमा रहेका १९ बर्षकाकिशोरी दुर्गावतीकलवार समान्या परिवारका सदस्य हुन । परिवारको कृषि पेशामा सहयोग गर्दै आएका उनि कक्षा १२ पासको अध्ययन पछि आफनो गाउ समाजमा सामाजिक बिकास तथा समाज परिवर्तनका लागि ठुलो सपना बोकेको थिए । तर समाजिक कुरुतीको रुपमा रहेका गलत मान्यता संस्कार तथा छोरी चेलालाई घर बाहिर जानदिनु हुदैन भन्ने समुदायको सोचकाकारण उनको सपना सपनामै सिमित रहेको थियो ।




समय बितदै जाँद आर्थिक, सामाजिक, बाताबरण र स्वास्थ्यका सवालहरुको उत्थानसिलतका लागी **SECURE** परियोजना दलित सामाजिक बिकास केन्द्र र यूनाइटेड मिसन टु नेपालको संयुक्त सझेदारीमा परियोजना संचालनका लागि गठनमा कममा आमा सुसिला कलवार समुहमा सदस्य हुन पुगिन् । समुहको निरन्तर रुपमा आथिक, सामाजिक, तथा लैंगिक सश्क्तीकरणको छलफल पछि छोरीहरु पनि अवसर पाएमा केही गर्न सक्छन भन्ने बुझाई पछि बिस्तारै दुर्गावाती समुदाय संग घुलमिल हुदै गईन । कृषि बिषयमा बढि चासो रहेकोले परियोजनाबाट यशोधरा १ दरखस्वामा १६ हप्ते आई पिएम कृषक पाठशालामा एकिकृत शत्रुजीव ब्यवस्थापन तालिम सहभागी भै तालिम पश्च्यात कृषक पाठशाला संचालनका लागि १० दिने प्रशिक्षक प्रशिक्षण तालिम लिई समुदायमा बिभिन्न किसिमका कृषि तालिम तथा कृषक पाठशाला संचालान गर्दै कुशल कृषक सहजकर्ताको रुपमाआफुलाई चिनाएकी छिन् ।

आफु तालिमतथा पाठशाला संचालन पछि खुशिभएकी, "मलाई यहाँ सम्मा पुऱ्याउने **UMN ,** दलित समाजिक बिकास संस्थाले गाए त अवसर प्रदान गर्ने सम्पुर्ण कर्मचारीहरु लाई सलामगर्दै, कुनै पनिकाममा लगन सिल मेहनत र अवसर पाएमा छोरी पनि अरु जस्तै गर्न सक्ने साथै आफु जिवनमा धेरै कुराको ज्ञान लिई समुदाय तथा समाज परिवर्तन गर्ने कुरा बताउछिन् ।

**तयारकर्ता**
**इन्द्रेश प्रसाद थारु**
कृषि प्राबिधिक

## ६. गैसमती आर्थिक प्रगति तर्फ लम्किदै

यस कपिलबस्त जिल्लाको यशोधरा गा.पाको वडा न. ३, अन्तरगत हरदेवा बस्ने गैसमती तेलीबर्ष ३५ को श्रीमान संजय तेल बिर्ष ३८ र छोरा गरी ५ जना सदस्यको परिवार रहेको छ। श्रीमान शारिरिक अपागंगता भएको (खुटा) ले सर्म्पुण घर परिवारको जिम्मेवारी बालबालिकाको शिक्षा, स्वास्थ्य जस्ता घराइसी खर्च व्यवस्थापन गर्न म माथी नै निर्भर रहेको हुदागाह्रो भइरहेको थियो। जब दलित सामाजिक बिकास केन्द्र कपिलबस्तु र यू.एम.एन. को सयुक्त साझेदारीमा संचालित जीविकोपार्जन तथा वातावरण सुधारद्धारा समुदायको उत्थानशीलता सवलीकरण **SECURE** परियोजना अन्तरगत गठित आत्मनिर्भर समुहको सचिव भए पछि समुहको बैठकमा नियमित तथा कार्यक्रममा सहभागी हुने क्रममा अपाडंगताको लागी व्यवसायिक अभिमुखीकरण कार्यक्रममा सहभागी भए र अपाडंगता ब्यक्तिले पनि उत्प्रेरण जागे यो र सहजकर्ता प्रीति गुप्ताका अथक प्रयास बाट खुद्रा पसल खोल्न सफल भए र संस्थाबाट गैर कृषि व्यवसायीकलाई कटाई गर्नका लागी रु. ११९५० मिति २०७५ जेष्ठ १४ गते १ बर्षका लागी फिर्ता दिनेगरी बिना ब्याजको सहयोग भयो। अहिले खुद्रा पसलबाट दैनिक रुपमा रु. ३०० आम्दानी भएको र साथै सिलाई कटाईका लागी मेसिन खरिद गरि १५ दिनमा सिलाई गरेर रु. १०००। आम्दानी भएको र एक जनालाई मासिक रु.५००का दरले सिलाई कटाई सिकाई रहेको अब मेरो परिवारमा आर्थिक ब्यस्थापन गर्नमा सहज भएको र आफु आत्मनिर्भर बन्दै आत्मबिश्वास बढिरहेको छ। कुनै पनिब्यक्तिले आफनो क्षमता अनुसारको ब्यवसाय गर्न थाल्यो भने आवश्य सफल भएको पान्इन्छ।



**तयार गर्ने**
**प्रिति गुप्ता**



## ७. जगृतिको जरोमा मुना पलायो

कपिलबस्तु जिल्लाको सदरमुकाम तौलिहवा देखी दक्षिण तिर पछाडी पारिएका क्षेत्र तथा छिमेकी राष्ट्र भारतको सिमाना संग जोडिएको भगवान गौतम बुद्धको आमाको नामबाट नामाकरण गरि एको गाँउ पालिका श्री यशोधरा गाँउ पालिका हो। यस गाँउ पालिका अन्तरगत वार्ड न. ३ बशन्तपुरमा पर्ने लोहरौली एक सामाजिक ,राजनितिक , शैक्षिक क्षेत्रमा पहुँच नभएको समुदायको बस्ती भएको ठाँउ हो। यस समुदायका मानिसहरु को मुख्य पेशा परम्परा गत खेती पाती , पशुपालन , बाखापालन रुपका मान्दै आएका थिए। तर यो गाँउका अधिकाशं पुरुषहरु बिदेश तिर कमाउन जाने भएकोले परम्पपरा गत खेती तथा पशुपालन मा न्यून्ता देखिएको छ। यो गाँउमा मुस्लिम ,बाहुन ,चाई समुदायका ब्यक्तिहरु बस्दै आएका छन। सामाजिक मुल्यम( ान्यता रुढीबादी सोचको कारण यस समुदायमा अहिले पनि महिलाहरु समुह समुदायमा एक्लै जान न मिल्ने , घरबाट बाहिर जादाँ एक जना संग लिएर जाने जस्तो परम्राले महिलाहरु झन त्यहीको त्यही रहनु पर्ने बाध्यता रहेको कारण दलित सामाजिक बिकास केन्दले यू.एम .एनको सहयोगमा त्यो गाउमा सम्पन्नताको स्तरीकरण गर्दा ख,ग,घ मा पर्ने ब्यक्तिहरुको समुह निमार्ण गर्न पटक पटक भेला गर्दा समुहको निर्माणमा असफलता नै असफलता देखिएको कारण धेरै नै चासोको को बिषय बन्दै गयो। र सामाजिक परिचालिका ता अन्य कर्मचारीहरुको अथक प्रयासले २६ जना महिलाको समुह मिति २०७५ पौष महिनामा जागृति आत्मनिर्भर समुह गठन गरियो। यस समुहको उद्वेश्य, लक्ष्य, सुन्दा महिला मुखीमात्र कार्यक्रम भएको कुरा समुदायका अगुवा पुरुषहरुको भनाई थियो। महिलाहरुले के गर्न सक्छन? कहाँ जान्छिन?, कस सित जान छिन ? जस्ता प्रश्नहरुको जवाफ पटक पटक बुझाउनु पर्दथ्यो। समुहको दोस्रो बैठकमा समुहको लक्ष्य अनुसार समुहका सदस्यहरुले मासिक बचत गर्नु पर्ने भएकोले त्यो छलफल आगोमा घिउ थपे जस्तो भयो र त्यही बैठक देखी समुहका सबै सदस्यहरु समुहमा न बस्ने, समुह खारेज गर्ने, गरी सबैले आफनो घर तिर लागे। **SECURE** परियोजनाका सामाजिक परिचालिका प्रिति गुप्ताले निरास हुदै आफिसमा रिर्पोटिङ. गर्दै त्याहाको स्थितिबारे बताइन। एक हप्ता पछि फेरी बैठकको लागी पुन: प्रस्ताव राख्न जादा घर बाट कोही पनि न आउने न जुटने भएकोले वडा अध्यक्ष सरिता त्रिपाठी समेतलाई लिएर जादा समुहको सुधारमा तिनका पनि प्रगती देखिएन। त्यो प्रयास पनि सफल न भए पछि त्यही दिन परियोजनाका कार्यक्रम सयोजक सुमन न्यौपाने ,फिल्ड सयोजक रमेश प्रसाद कुर्मि समेतको प्रयास असफल भइयो। वडा अध्यक्ष, परियोजना अधिकृत, फिल्ड सयोजक, सामजिक परिचालक ४ जनाको प्रयास असफल पछि यो समुहलाई हटाएर अर्को ठाँउमा बनाउने सल्लाह भयो। आफिसमा कार्य समिति संग शेयर गर्दा दलित सामाजिक बिकास केन्द्रका अध्यक्ष सरले त्यो समुहलाई छोडनु भन्दा पुन: बैठक गरी छलफल गर्ने भन्ने कुराको छलफल भयो। जागृति आत्मनिर्भर समुह बिस्तारै सेलाउदै जादाँ २ महिना समुह बन्दको अवस्थामा रहेयो। पुन: प्रत्येक घर घरमा गएर घर दैलो गर्ने, अभिभावक संग प्रत्यक्ष कुरा राख्ने, उनिहरुको हरेक पक्षमा छलफल गर्ने कार्य शुरु गरियो। त्यही गाँउको अर्को समुहको उदाहरणहरु दिने, अवगत गराउने, अन्यसमुहहरु संग भेटघाट गराउने योजना संग बिभिन्न यस्ता कियाक्लापहरु गरी "जागृतिको जरो बाट मुना पलाउन थाले" पछि अहिले त्यो समुह १५ जना महिलाहरु आवद्धभइ सकेको छिन। समुहमा आवद्धमात्र नभई मासिक रु. ५० को दरले बचत गर्न थालेको छिन। तर यो समुमा अहिले पनि फोटो खिच्ने इजाजत छैन र कुनै बाहिरको कियाक्लापमा जादा घरको एक जना पनि जाने प्रस्ताव पटक पटक आउने गरेको छ।

**तयार गर्ने**
**रमेश प्रसाद कुर्मि**
फिल्ड सयोजक

## ८. प्लास्टिक न्यूनिकरणमा सेक्योरको सहयोग

हाम्रो देश नेपालको ५ न. प्रदेशको जिल्लाहरु मध्ये कपिलवस्तु जिल्ला एक पछाडी पारिएको जिल्ला हो । कपिलबस्तु जिल्लाको सदरमुकाम तौलिहवा देखी दक्षिण तिर भारतिय सिमाना संग जोडिएको ठाँउ  यशोधरा गा.पा. एक अति बिपन्न पहुच नभएको  गरिबी रेखामुनी बसोबास गर्दै आएको व्यक्तिहरुको बस्ती रहेको ठाँउ हो । यहाँका बसोबासीहरुको जीविका चलाउन मजदुरी, तथा खेती नै मुख्य आधार हो । सामाजिक तर्फ हेर्ने हो भने भारत संग रोटी बेटीको सम्बन्ध, खानपान, लत्ता कपडाको पहिरन, धार्मिक सहिसुणता, सास्कृति, ब्रत बन्ध, किन मेल गर्ने जस्ता समेतको कियाक्लाप भारतिय समुदाय तथा बजार संग प्रत्यक्ष सरोकार राख्दछ । भारतिय बजारमा पाइने सबै जसो समाग्री प्लास्टिक पैकटमा राखेर बेच्ने  तथा होटेलहरुमा धेरै जसो प्लास्टिकको प्लेट तथा गिलासहरु प्रयोगमा ल्याउने गरिन्छ । प्रत्यक्ष सरोकार राख्ने भएकोले यहाँका प्रत्येक स्थानिय होटेल तथा पसलहरुमा  प्लास्टीकको थैला, झोला, प्लेटहरु प्रयोग गर्दै आएका छन । प्लास्टिकको थैला ,प्लेट प्रयोग गर्दा गर्दै  ब्यवस्थापन गर्न झन समस्या भएको छ । पसलको वरिपरि त्यही प्लेट र गिलासको फोहर देखिन्छ ।

यस गाउँपालिका को वडा न.१,२,३ मा  दलित सामाजिक बिकास केन्द्र र युनाइटेड मिसन टु नेपालको संयुक्त साझेदारीमा संचालित  जिविकोपार्जान तथा वातावरण सुधारद्वार समुदायको उत्थानशिलता सवलीकरण (**SECURE**)  परियोजनाले वातावरण मा प्रत्यक्ष काम गर्ने गर्दछ । यो परियाजनाको प्रत्यक्ष लाभवन्तित समुदाय त्यही ठाँउको हुने भएकोले प्लास्टिकले खेत बारी, खान पान, खोलानालामा धेरैनै प्रभाव पारेको देखिन्छ । यो परियोजनाले यस ठाँउमा काम गर्ने शिलशिलामा परियोजनाका फिल्डमा गर्ने क्रियाक्लापमा खाजा नास्ता खुवाउने कममा सधै प्लास्टिकको थैला  र गिलासमा खुवाउने गरेका थिए । परियोजनाको लक्ष्यमा पनि वातावरण सुधार गर्ने भएकोले परियोजनाले प्लास्टिकका  गिलास र पलेटमाहरुमा खाजा र चिया न खुवाउने निर्णय लिए पछि यो ठाँउमा कागज प्लेट तथा गिलासमा खाजा र चिया खुवाउन माग गर्दा फलामको चिउरा चपाउनु जस्तै लाग्यो । तर खाजा पसल वाला संग कुरा गर्दा पनि नमिल्ने हुन्थे यो । तर पनि परियोजनाले थैलाको पैसा दिई कागजको थैला प्रयोग गर्ने बानी बसाल्ने काम पनि गर्ने निर्णय गरियो । अहिले खाजा पसल वालाहरुले हामी जादा कागजको प्लेट तथा गिलासमा खाजा खुवाउने गर्दछन । यो कार्य पनि यो समुदायको लागी चुनौती हुदा हुदै पनि परियोजनाको क्षेत्रमा  परियोजनाको क्रियाकलापमा कागजको प्लेट तथा गिलास प्रयोग गरिरहेका छ ।

**तयार गर्ने**
**रमेश प्रसाद कुर्मि**



## ९. अधिकार  पाए पछि खुसि भइन



यस कपिलबस्तु जिल्लाको यशोधरा गा.पा. वडा न. ३ साबिक बसन्तपुर गा.बि .स. को बहडिलवा गाँउमा बस्ने म राजमती चाई मेरो उमेर २९ बर्ष  मेरो श्रीमानको नाम कमलेश चाई छोरी चादनी चाई ८ बर्ष, नन्दनी चाई ६ बर्ष, मेरो छोरा चन्द्र प्रकाशचाई ३ बर्ष गरी जम्मा ५ परिवार सदस्य भएको मेरा माइता क.ब.न.पा. ८ साबिक दोहनी गा.बि.स. कुवा गाँवमा रहेको छ मेरो बुवाको नाम चिनीलालचाई हो । मेरो बिवाह ११ बर्षमा भएपनि म संग नागरिकता, बिवाहदर्ता  छैन किनभने मेरो श्रीमानले नागरिक्ताले महत्व नदिएको र आवश्यक्ता महसुस नगरेको र नागरिक्ता ले के हुन्छ ? के काम लाग्छ ? बनाई दिन्छु ? भन्ने मात्रगर्थे ।

जब दलित सामाजिक बिकास केन्द्र र यूनाईटेड मिसन टु नेपालको सयुक्त साझेदारीमा संचालित जिविकोपार्जन तथावातावरण सुधारद्धारा समुदायको उत्थानशीलता सवलीकरण **SECURE** परियोजना अन्तरगत मेरो गाँउमा बिधि प्रकिया पुर्याउदा मेरो घर परिवार लक्षित बर्गमापर्यो । र समुहमा बस्नको लागी अवसर मिल्यो । समुहको नियमित बैठक, क्रियाकलापमा सक्रिय सहभागिता, कार्ययोजना निमार्णमावहाँले बिषेश भुमिकानिर्वाह गर्नुभएको थियो । समुहको कार्ययोजनानिर्माण गर्दा समुहको सबै सदस्यहरुको नागरिक्ता, बच्चाहरुको जन्मदर्ता नभएकोलाई बनाउने लक्ष्यलिइयो । तर समुहको सदस्य राजमतीचाईको नागरिक्ता तथा २ जना बच्चाहरुको जन्मदर्ता पनि नभएको कुरा जानकारी प्राप्तभए पछि समुहले र राजमती स्वयमले नागरिक्ताको आवश्यक्ता समेत महसुस हुनथालिन । उनि समुहको छलफलको अनुसार आफनो श्री मान कमलेश चाईसंग नागरिक्ता बनाउने प्रस्ताव राखे पछि श्रीमानले किन नागरिक्ता चाहियो, कहाँ काम लाग्छ, कहाँजागिर गर्ने हो भन्ने प्रश्न माथी प्रश्न भन्दावहाँलाई अकाशको तारा मागे जस्तो लाग्यो । समुह तथा वहाँको पटक पटकको पहलले राजमतीले  मिति २०७५ चैत्र ६ गते नागरिक्ता प्राप्त गरिन । समुहलाई कृषि शाखामा दर्ता गर्नको लागी सबै सदस्यको नागरिक्ता चाहिने भएकोले वहाँले पनि यो अवसरबाट बन्चित हुनबाट जोगिनु भयो । अहिले वहाँले आफनो नागरिकता बनाउनुको साथै आफनो छोरा छारीको पनि जन्मदर्ता बनाउन सफल भए कि छिन । नागरिकता पाएर अहिले उनी खुसीले गदगद भई समुहमा नियमित आउने गाँउको अरुको पनि नागरिक्ता, हिंसा सामाजिक समस्याको सवाललाई समुहमा ल्याउने गर्दछिन । म समुहको सबै सदस्य, सहजकर्ता तथा यो परियोजना संचालनगर्ने सस्थालाई पनि धन्यबाद दिन चाहन्छु ।

**तयार गर्ने**
**प्रितिगुप्ता**
सामाजिक परिचालक

## १०. घघुटोमा भए पनि अनिसमा अभिलेखमा अवसर पाईन ।

गाउँ स्तारिय लेखाजोखागर्दा यो सेमरीगाउं गरिबमापहिलो स्थानमाआएको थियो त्यसैले यस गाउंमा समुह गठन गर्नको लागिहामी सामाजिक स्रोत नक्सातथा सम्पन्नता स्तरिकरण गऱ्यो त्यस पछि यस गाउंमा २ वटा अनिस समुह गठन भयो समुह संचालन गर्नको लागि समुहको बैठक सुरु भयो जसमा समुहमा छलफल गर्नको लागि अभिलेखको अवश्यकता देखियो समुहमा छलफल गर्दा पहिला सदस्यहरुमा सोधियो तपाईहरु मध्ये कोई समन्य पढेलेखेको छ, कोई छैन कुरा आयो त्यस पछि तपाईहरुको घर मा बुहारी वा छोरी पढे लेखेको छन सोधियो एक जना **गौतम बुद्ध आत्मर्निभर समुह**को सदस्य **तिर्था पासी**ले भन्नु भयो मेरो बुहारी पढेछ तर अहिले दोंगा आएको छ अहिले त घर वाट निस्कदैन तर पछि मेरो बुहारी गर्न सक्छ भन्नु भयो त्यस पछि हामी छलफल गरी बुझायो वहा समुहमा ल्याउनको लागि तयार हुनु भयो तर अहिले केही दिन सम्मा घुघट मा नै बस्नु पर्छ हाम्रो संस्कार अनुसार हामी पनि भन्यो ठीक छ । वहाले आफ्नो बुहारी लाई आफु साथ साथ समुहमा ल्याउन सुरु गर्नु भयो । बैठकमा आउदा कस्तो लाग्छ



आनिता पासी संग सोध्दाम लाई धेरै राम्रो लाग्यो म सोचेको थिएन यस्तो बहिरा निस्कन मौका पाउंछु । मैले आफ्नो सासु आमाको सहयोगले यहां सम्मा आएको छुहाम्रो संस्कारमा बुहारी आयी सके पछि कम्तीमा २ बर्ष सम्मा घरमा राख छन त्यस पछि बहिरा निकाल्छन तर यो समुहको देनहो जुनमा घर वाट निस्कन पाए म धेरै खुशी छु ।

यस समुहमा अभिलेखकको कार्य म आफै सुरु गरें र यो समुहमा बसेकै कारण म आमा समुहमा पनि मस्न अवसर पाए वहाको भनायी हो घुघटोमा भएपनि आफ्नो ईच्छा अनुसार कार्य गर्न पाएको हुदा म धेरै खुशी छु मेरो घरमा मेरो सासु, सासुर, श्रीमान लगायत सबै जना मलाई सहयोग गर्नु हुन्छ ।

**तयार कर्ता**
**बिन्दबासिनी हरिजन**
परियोजना अधिकृत



## ११. खुशी भईन निर्मला

यशोधरा गाउँपालिका वडा नं.-४, कपिलवस्तु परसोहिया गाउँमा दलित सामाजिक बिकास केन्द्र र युनाईटेड मिसन टु नेपालको सयुंक्त साझेदारीमा गरीब, दलित र सीमान्कृत महिलाहरुको आर्थिक, सामाजिक र राजनैतिक रुपमा सशक्त बनाउने उद्देश्यले हाम्रो पहुँच परियोजना संचालन भएको छ । यो कार्यक्रम अरु कार्यक्रमहरु भन्दा भिन्न भएको हुनाले यसको संचालनको बिधि प्रक्रिया धेरै नै राम्रो भएको निर्मलाले बताईन । किनभने यस कार्यक्रममा २० जना सीमान्कृत महिलाहरुको सहभागीताहुने भएकोले हामीले एक रुपता महसुस गर्छौं र सबैको घरमा पालै पालो बैठक बस्ने भएकोले झन राम्रो लागेको कुरा वहाँले भन्न छिन ।



निर्मला रैदास एउटा दलित गरिब परिवारको महिला हुन र वहाँले कल्पना नै गर्नु भएको थिएन कि मेरो घरमापनिमहिलाहरुको बैठक हुन सक्छ तर जुनतरिकाले आत्मर्निभर समुहको बैठक भैरहे को छ त्यो मलाई धेरै राम्रो लागेको छ । यो समुहको कारणले आज म पनि समुहको अगुवा बन्न मौका पाए र मेरो घरमा बैठक बस्न सकियो ।

हामी दलित गरिब भएको हुनाले बिभिन्न प्रकारको हिंसा यातना सहदै आएका थियो । कसैको घरमा जादा यता न आउ मेरो समान छोई दिन्छ भनेर बस्न दिदैन । हामीमा मानव भएपनि अमानवीय व्यवहार गर्ने गर्छन । यस समुहमा धेरै सदस्य छन सदस्यहरुमा मेलमिलाप छ र मेलमिलाप भएकोले संगठित छौ संगठित नै शक्ति भएको छ । यस शक्तिले मानवको मानवता कायम गरेको छ । अब हाम्रो गाउँमा शिवशक्ति आत्मर्निभर समुह गठन भए पछि यस्तो व्यवहार समुहका सदस्यहरु कसैले गर्दैन । यो समुहमा बस्दा म धेरै नै खुशी छु । जब मेरो अगुवाईको पालो आउँछ तब म बस्ने व्यवस्था र स्थान एक दमै लिपपोत सफा गरी सबै सदस्यहरुलाई स्वागत गर्छु । यो देखेर अरु सदस्यहरुले पनि यस्तै गर्न थालेको छ ।

**तयार कर्ता**
**बिन्दबासिनी हरिजन**
परियोजना अधिकृत

## १२. दरखसवा खुशी आत्मर्निभर समुह

यशोधरा गाउँपालिका वडा नं.-१ मा दलित सामाजिक बिकास केन्द्र र युनाईटेड मिसन टु नेपालको सयुंक्त साझेदारीमा संचालित हाम्रो पुहँच परियोजना अर्न्तगत दरखसवा गाउँमा खुशी आत्मर्निभर समुह गठन गरी महिलाहरुको आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा सशक्त बनाउने उद्देश्य राखेको छ ।



यो समुह २०७५/७/२८ गतेका दिन गठन भई नियमितरुपमा बैठक बसिरहेको छ । यस समुहमा २४ जना सदस्यहरु रहेका छन । समुहमा बस्ने सदस्यहरुको भनाई रहेको छ कि यस समुहका सासुहरु आफु पनि बस्ने र आफ्नो बुहारीहरुलाई समुहमा बसाएको छन । यस समुहमा जुन बुहारीहरु अहिले सम्मकुनै पनि समुहमा आबद्ध नभएको र यो समुहमा बस्न पाउदा धेरै खुशीभएका छन । हामी यहाँ नयाँ नयाँ कुराहरु सिक्न पाईरहेका छौ । हामीलाई कसको घर कहाँ छ भनेर थाहा भए पनि बृहत रुपमा थाहा थिएन तर यस समुहमा आबद्ध भएदेखि सबैको घरमापालै पालो बैठक बसीहामी एक आपसमा सुख दु:खका कुराहरु आदान प्रदान गर्न पाएकोमा धेरै खुशी छौ ।

यसमा सबै भन्दा राम्रो कुरा के छ भने समुहको बैठकको बहानामा घरको सरसफाई नियमित रुपमा भैरहेको छ । जसको पालो आउछ उसले उक्त दिन आफ्नो घर सफा गरी हाल्छन । यो एकदमै राम्रो लाग्यो । हामीले समुहमा वचत गर्ने पर्ने सल्लाह गरेका छौ । यस समुहको बैठकलाई हामीले सधै निरन्तरता दिनेछौ । साँच्चै नै यो समुह अन्य समुह भन्दा फरक महसुस भएको छ ।

**तयार कर्ता :**
**बिन्दाबासिनी हरिजन**
**परियोजना अधिकृत**
**हाम्रो पहुच परियोजन**

## १३. आत्म र्निभर समुहको गतिशिल्ता बढ्यो

कपिलबस्तु जिल्लामा रहेको १० वटा स्थानिय तह मध्ये यसोधरा गाउँ पहिलका पनि एक हो यस यसोधरा गाउँपलिकामा दलित सामाजिक बिकास केनद्र र युनाईटेड मिसन टु नेपालको सयुक्त साझेदारीमा संचालित हाम्रो पहुत परियोजना अन्तरगत आर्थिक,सामाजिक र राजनैतिक क्षेत्रमा सिमान्तकृत समुदायको महिलाहरको पहुच बढाउनको लागि हाम्रो पहुच परियोजना संचालन गरिएको हो । यस यसोधरा गाउं पालिकामा वडा नं. १,३,४,५,६,७ र ८ सम्मामा ३१ वटा समुह गठन गरि बिगत ६महिना देखि आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा पहुच बढाउने र सिमान्तकृत समुदायको महिलाहरुको समुह बनायी बिभिन्न सवाल तथा बिषयहरमा काम गर्दै आई रहेको छ । सुरु सुरुमा समुह बनाएर काम गर्दा धेरै जसो महिलाहरु लजाउने आफ्नो परि चय दिनाको लागि पनि न मन्ने,तर काम गर्दै जादां अहिले धेरै फरक भएको छ जुन महिलाहरु आफ्नो नाम भन्न लजाउथे वहाहरु अहिले कति राम्रो आफ्नो समस्या,कुराहरु राख्न थालेका



छन । यस आत्म र्निभर समुहमा बिना नास्ताको पहलिा बैठक गर्न एकदमै गाह्रो थियो तर अहिले वहाहरु समुहमा सप्ताहिक बैठक गर्ने नयां नयां बिषयमा छलफल गर्न लगाउने , खेल खेलाउने वहाहरु नियमित समुहमा बैठक बसी रहेका छन ।



नियमित छलफल गरी रहदा वहाहरु आफै अयोजना गरी बिद्यलय भर्ना अभियान गरें ,अहिले समुहको वारे मा बुझी सकेका छन समुहमा आफ् नो कुरा राख्छन ।वडा स्तारिय तथा गाउं पालिका स्तारिय सिकाई अदान प्रदान कार्यक्रम गरेर आफ्नो समुहमा अहिले सम्मा के के गरे त्यसको वारे मा सरोकारवालाहरुको अगाडी गएर प्रस्तुतिकरण गरिएको थिएं । यस भन्दा पहिला सोठौलीमा सवाल सरोकार कार्यक्रममा ११ जना गयी आफ्नो कुरा राखेका थिए अहिले अम्लोनहामा ७० जना महिलाहरुले रेडियो कपिलबस्तुको सहयोग तथा अनिसको अयोजनामा यो जना तर्जुमामा महिलाहरुको सहभागिता हुनु पर्छ बिषयमा सवाल सरोकार कार्यक्रममा सहभागी भयी आ आफ्नो कुराहरु राखेका थिएं महिलाहरुले अब आ आफ्नो योजना भनी छलफल गरि एको थियो महिलाहरु पहिला भन्दा अहिले आफै सबै कुरा भन्न थालेका छन मेरो अधिकार के हो त्यसको वारेमा बुझेका छन ,बिना नास्ताको बिना कुनै पनि सेवा सुबिधाको महिलाहरुले अ आफ् नो कुरा राखी रहेको छन , समुह बनाए देखि अहिले सम्मामा धेरै प्रगति भयी रहेको देखिन्छ ।

**तयार कर्ता :**
**बिन्दाबासिनी हरिजन**
**परियोजना अधिकृत**

## १४. आत्म र्निभर समुहको अयोजनामा बिद्यलय भर्ना गरियो ।

यस यसोधरा गाउं पालिकामा दलित सामाजिक बिकास केन्द्र र युनाईटेड मिसन टु नेपालको सयुक्त साझेदारीमा संचालित कार्यक्रम अन्तरगत यस यसोधरा गाउं पालिकामा बिद्यलय भर्ना कार्यक्रम अन्तरगत भर्ना अभियान गरियो (वडा नं. १ म शितल अनिस तितिर्खी,३ मा जानकी अनिस र पारबती अनिस हरदेवा वडा नं.४ ,शान्ती अनिस र लक्ष्मी अनिस अम्लोनहा ,रामरहीम अनिस र गंगा अनिस पोखरभिटवा लक्ष्मी अनिस दुर्गा अनिस र गौतम बुद्ध अनिस सेमरी ,शी( वशक्ति अनिस र जन्नी अनिस परसोहिया ,साथी अनिस हथिहवा,५ म साथी अनिस र सरस्वती अनिसमा भगवानपुर लक्ष्मी अनिस र गीता नदवा,लक्ष्मी अनिस र सरस्वती अनिस ज्योती अनिस र गंगोत्री अनिस खोरिया सफल अनिस र गंगा अनिस सिहोखोर मा बिद्यलय भर्ना अभियान गरि

यो जम्मा २५ वटा अनिस, सहयोग गरेको बिद्यलयहरु कृष्ण धार्मिक म.बि. बसन्तपुर, जनसे वा प्र.बि. अम्लोनहा, शान्ती अधारभुत बिद्यलय परसो हिया, तथा खोरियामा रहेको बिद्यलय, सिहोखोरमा रहेको बिद्यलय, लगायतको बिद्यलयमाहरुको अगुवाईमा बिद्यलय भर्ना अभियान गरि यो, जस बाट २७ केटा २३ केटी बिदयय भर्ना भयी सबे पछि भर्ना भएको थियो, जसमा समुहको सदस्य भर्नामा भाग सिलएको जम्मा ३४७ जना र त्यस पछि समुह भन्दा बाहिराको २३९ जना सहभागीहरुले बिदयलय भर्ना अभियान सम्पन्न गरिएको थियो जसमा बालबालिकाह( रुलाई बिभिन्न जनालाई बिद्यल पठायीको हो ।



## १५. बिन्द्रवतीले समुहमा बस्ने मौका पाईन

यसोधरा गाउंपालिका वडा नं.४ परसोहियामा दलित सामाजिक बिकास केन्द्र र युनाईटेड मिसन टु नेपालको सहयोगमा हाम्रो पहुच परियोजना अनतरगत यस परसोहिया गाउंमा संचालित लक्ष्मी आत्म र्निभर समुह संचालन भएको थियो वहाले समुहमा बस्दा आफु लाई धेरै नै दुखी मानी रहेको थिए ।

यस लक्ष्मी आत्म र्निभर समुहमा बसेको बिन्द्रवती रैदासले बर्ष २९को वहालाई समुहमा आउन न दिए पछि वहा धेरै नै दुखी भएको थिन घर भेट गरे पछि समुहमा छलफल गरि सके पछि नियामित समुहमा आउनको लागि समुहले अगुवाई गरेर वहाको श्रीमान संग महिलाहरु समुहहिक रुपमा भेट गरि सके पछि वहाको श्रीमान वहालाई समुहमा जानको लागि मन्नु भयो त्यस पछि धेरै सजिलो भयो वहाको श्रीमानले वहालाई समुहमा आउनको लागि पठाउनु भयो वहा नियमित समुहमा जान पाईन ।

अहिले बिन्द्रवती रैदास नियमित समुहमा गयी रहेको छन वहाको घरमा घर भेट गर्न जादा वहाको श्रीमान धेरै खुशी भएको थिए त्यस पछि अहिले बचत गर्दा बचतको लागि पैसा पनि दि रहेको छन वहा धेरै नै खुशी भएको छिन वहाको घरमा पहिला झण्डा भयी रहेको थियो अहिले केही समस्या त्यसको छैन वहाको भनायी रहेको थियो यो समुह मेरो जिवनमा उज्जायलो ल्याएको छ यस्तो कुरा गर्नु हुन्छ ।

**तयार कर्ता :**
**बिन्दाबासिनी हरिजन**
**परियोजना अधिकृत**



**१६. सुचना दाता** : - पुनम कुर्मी
**ठेगाना** : यशोधरा गाउँपालिका वार्ड न. ५ सुठौली
**मिति** :- २०७४।०७।२४
**तयार गर्ने** :- जीत नारायण यादव सा.प.



कपिलबस्तु जिल्ला यशोधरा गाउँपालिका वार्ड न.५ सुठौली बस्ने गौरी शंकर कुर्मीको छोरी बर्ष २४ को पुनम कुर्मी जन्म देखी नै शारिरिक रुपमा अपाङ्ग रहेका छन । वहा मध्यम परिवार मा पर्दछन । वहाको परिवार संख्या १० रहेको छ । जसमा ४ जना पुरुष र ६ जना महिला रहेका छन । वहाको परिवारको सामाजिक अवस्था हेर्ने हो भने वहाको बुवा गौरी शंकर कुर्मी पहिला अपाङ्गता भएका व्यक्तिहरुको संस्थामा सदस्य रहनु भएको थियो । र समाजमा वहा सहयोगी भावनाको हुदा वहालाई सबैले सामाजिक क्रियाकलापमा बोलाउने गरेका छन । वहाको परिवारको जिवन यापन कृषि मा निर्भर रहेको छ। वहाको १० बिगहा खेत रहेको ले खानालाई खेती बाट पुग्ने गरेको छ। सामाजिक रुपमा छोरी अपाङ्ग हुनु वहाको परिवार माथि पूर्व जन्मको पाप हो कुरा काटने देखी हिन भावना को दृष्टीले हेर्ने गरिन्छ । वहाको शारिरिक अवस्था उमेर अनुसार वृद्धि नभएको र पीठमा मासु को गोला निस्केको हुदा वहा लाई काम गर्न गाह्रो हुन जान्छ । परिवारले समेत वहाको रखरखा जति गरे पनि घरायसी कार्य व्यस्तताले गर्दा वहा एक्लो महसुस गर्न भएको छ । वहाको पढने प्रवल इच्छा हुदा हुदै शारिरिक रुपमा कमजोर र पूर्ण विकास नहुनाले वहा पढना बाट समेत बन्चित हुनु भयो । पुनम को शुरुमा उपचार गराइयो तर केही फाइदा भएन । वहा खाटमा नै सुति रहने अवस्था थियो । पछि वहालाई भारतको नौ गढमा मसाज उपचार गराउदा वहालाई फाइदा भएको हो र वहा आफै हिन्ना सक्नु भएको छ । वहाको मुख्य समस्या उमेर अनुसार वृद्धि विकास नहुदा समान्य रुपमा हिन्ना र काम काज गर्न सक्ने अवस्था छैन ।

दलित सामाजिक विकास केन्द्र र यूनाईटेड मिशन टू नेपालको संयुक्त साझेदारीमा संचालित समुदायमा अधारित पुर्नस्थापन परियोजना अर्न्तगत साविक बैदौली गा.वि.स.मा परियोजना अभिमुखीकरण कार्यक्रम मा वहा संग भेट भए पछि । वहाहरुको लागि यो कार्यक्रम आएको र वहाहरुको शैक्षिक, आर्थिक, सीपमूलक तालिम ,लगायतका सा.सु.भत्ताकोलागि विभिन्न किसिमको पैरबी हरु गर्नको लागि यो कार्यक्रम यहा लागेको छ । जानकारी गराईयो तथा सी.बी.आर. तालिम, अभिमुखिकरण कार्यक्रम , लघु उद्यम विकास तालिम, गोष्ठी, बैठक मा वहा सहभगी हुदा वहा मा सहास आएको छ। कि मा अपाङ्गता भएको व्यक्ति भएर पनि केही गर्न सक्छु। आफु र आफनो परिवारलाई समेत सहयोग गर्न सक्छु आट ल्याउनु भयो

अहिले पुनम कुर्मी यस सी.बी.आर. परियोजना अर्न्तगत आय आर्जनको लागि २५०००। को आर्थिक सहयोगमा खुद्रा पसल गरेका छन । वहा आफ्नो सहयोगीको रुपमा बुवा लाई प्रयोग गर्नु हुन्छ । वहा शारिरिक रुपमा कमजोर भए पनि पसलको समान लेन देन गर्न सक्ने भएको ले वहालाई यो काम सजिलो लागेको छ । अरु माथि निर्भर भएर बस्दा आफै व्यवसाय गर्ने मौका पाए पछि वहामा खुशीयाली आएको छ । यो गाउ पालिकामा पहिलो अपाङ्ग व्यवसायी महिला को रुपमा निस्केर आउनु भएको छ । सबैले वहा प्रति हेर्ने दृष्टिकोण फरक भएको छ ।

पहिला कार्यक्रममा वहा संग आएका सहभागीले गर्ने व्यवहार  पाच महिना पछि गर्ने व्यवहार अहिले फरक देखिएको छ । किन भने वहा को  कार्यक्रममा सक्रियता बढेर सरोकारवाला पनि वहाको प्रशन्सा समेत गरेका छन । पुनम कुर्मी लाई सब भन्दा ठूलो कुरा वहाको खुशी हो जुन वहा यस कार्यक्रममा आउदा सरोकारवाला तथा दलित सामाजिक विकास केन्द्र बाट व्यवसाय गर्नकाको लागि पाएको सहयोग हो । वहा अरुमाथी पुर्णतय निर्भर रहनु भएको छ । वहालाई आत्म निर्भर बनाउनाको लागि व्यवसाय संचालन गर्न आर्थिक सहयोग गरिएको छ । वहको सक्रियता दे खेर समुदायका महिलाहरु पुनमलाई प्रोत्साहन गर्न थालेका छन । कि अब त तिम्रो गालि कार्यक्रम आए छ । जानु आउनु नास्ता गर्नु । पटक पटक बोलाउने के छ कही बैठक छ कि नाही भनी सो ध्ने गरेका छन । जब पहिला वास्ता नगर्ने गरेका थिए । अहिले वहाको परिवारमा पुनम प्रतिको ध्यानाकर्षण बढेको छ । विभिन्न कियाकलाप ले गर्दा वहाको बारेमा सोचने वहाको भविष्यको बारे चर्चा परिवारमा हुने गरेको छ ।

**पुनम कुर्मी** :- यस कार्यक्रमबाट हामी पनि आउना जाना पाएका छौ । पहिला घरमा बस्दा बस्दा मन उदास हुन्थ्यो अहिले व्यवसायको लागि सहयोग हुदा काम गरी समय विताउना सकिन्छ । यो मेरो लागि ठूलो खुशी हो ।

## १७. समबन्धमा सुधार

**सुचना दाताको नाम** :– तजरुन निसा र आलिमा खातुन
**ठेगाना** :– मायादेबी –४ पिपरा
**मिति** :– २०७५।०८।२६
**रिर्पोट कर्ता** :– शकुन्तला अग्राहरी
**तयार कर्ता** :– सतीश कुमार निगम

मायादेबी ४ ठूलो गौर बस्ने वर्ष ५५ को तजरुन निसा एक गरिब मुस्लीम परिवारका सदस्य हुन । वहा एकल महिला पनि हुनु हुन्छ । वहाको परिवारमा ५ जना सदस्य( सबै महिला ) रहेका छन ।  वहाको जिवन यापन गर्ने साधन मुख्यरुपमा कृषि र मजदुरी रहेको छ । तजरुन निसा गौरा महिला समुहको अध्यक्ष को रुपमा रहेका छन । वहाको ४ जना छोरीहरु मध्ये २ जनाको विहे भई सकेको छ । विहे भएको मध्ये ठूलो छोरी आलिमा खातुनको श्रीमान विदेश गए पछि आलिमा को सासु र ससुरा ले आलिमा लाई घरबाट लखेट दिए । छोराको आर्को विवाह गर्ने तयारीमा थिए ।  अनि वहा आएर माईता आमा तजरुन निसा को साथ रहन थालिन । यस पछि तजरुन निसाको दुःख र समस्य झन बढयो ।

मायादेबी ४ पिपरा मा दलित सामाजिक विकास केन्द्र र यूनाईटेड मिशन टू नेपाल को संयुक्त साझेदारीमा संचालित एकिकृत शान्ति निर्माण परियोजना अर्न्तगत समुहमा नियमित रुपमा विभिन्न विषयमा छलफल भयो । जसमा महिला हिंसा, घरेलु हिंसा, लैंगिक हिंसा, बाल विवाह, बहुविवाह जस्ता विषय रहेका थिए । जसबाट समुहका महिलाहरु हिंसा प्रति सजक र जागरुक भए । र छलफलको समयमा तजरुनको छोरी आलिमा पनि समुहमा बस्न र छलफल सुन्ना थालिन । पछि समुहको सदस्य पनि भईन त्यस पछि वहा लाई सासु र ससुरा संग छलफल गर्न सहास आयो । जसमा वहाको आमा सहयोग गर्नु भयो ।



आलिमा खातुन ४ पटक सासु ससुरा बाट छलफल गर्ने प्रयास गरीन तर वहा लाई पिटेर लखेटने काम सासु ले गरीन । तर आफ्नो घरमा प्रवेश गर्न पाईनन् । पुन : समुहमा छलफल गरी सहयोगी पुरुषहरु संग छलफल गरी सहयोग लिने गरियो । जसमा सहयोगी पुरुषहरु विभिन्न तालिम बाट विवाद मिलाउने ज्ञान सीप पाएका छन । जसबाट उत्प्रेण पाएर अकरम धुनिया ले मध्यस्तता गरेर समस्या समाधान गर्न पहल गरे । परिणाम स्वारुप दुबै परिवारमा मेलमिलाप भई आलिमालाई वहाको श्रीमान संगै राख्न थाले अहिले वहा ससुरारी मा बस्नु भएको छ । जस बाट तजरुन निसाको दु :ख घटेको छ । वहा चिन्तबाट मुक्त हुनु भएको छ ।

**आलिमा** :– मेरो जिन्दगी अन्धकारमा थियो यदि मा समुहमा नआएको भए अहिले मेरो जिन्दगी नरक हुने थियो । समुह बाट सिकाई भई मेरो हिम्मत बढेको थियो । जसबाट हाम्रो परि वार संग मेलमिलाप हुन गएको छ । अहिले मा धेरै खुशी छु ।

## १८. बढदो पाईला

**सुचना दाताको नाम** :– कमरुन निसा र मैमुन्न निसा खातुन
**ठेगाना** :– यशोधरा –६ रंगपुर
**मिति** :– २०७५।०८।३०
**तयार कर्ता** :– सतीश कुमार निगम

यशोधरा गाँउ पालिका वार्ड न. ६ रंगपुर बस्ने बर्ष ४६ को कमरुन निसा र वर्ष ४९ को मै मुन्न निसा खातुन एक गरिब परिवारका सदस्य हुन । कमरुन निसा को परिवारमा ७ जना सदस्य र मैमुन्न निसा खातुन को परिवारमा ३ जना सदस्य रहेका छन । यहाहरुको परिवारको पालन पो षण दैनिक मजदुरी गरी गुजर बसर गरेका छन । दुबै जना मुस्लीम धर्मालम्बी रहेका छन । कमरुन निसा र मैमुन्न निसा खातुन चेतना महिला समुह का सदस्य रहेका छन । यहाँ हरुको समाजमा सामाजिक, आर्थिक अवस्था कमजोर रहेको छ । जस कारण कमरुन निसा र मैमुन्न निसा खातुन को विवाह भएको २९ वर्ष पछि पनि  नागरिकता बनेको थिएन ।  जस कारण कमरुन र मैमुन्न निसा बेसहारा भएको महसुस गरेका छन । घरमा श्रीमान बाट प्रताडित हुने र समुदाय बाट पनि ताना बो ली सुन्ने गरेका छन । परिणाम स्वारुप वहा हरु तनाव मा रहना थालेका थिए । मैमुन्न निसा खातुन ता आफु आत्म हत्या समेत गरने सोच बनाएकी थिईन ।

दलित सामाजिक विकास केन्द्र र यूनाईटेड मिशन टू नेपाल को संयुक्त साझेदारीमा संचालित एकिकृत शान्ति निर्माण परियोजना अर्न्तगत रंगपुर मा  चेतना महिला समुह गठन गरियो । यस समुहमा गठनको बेला देखी कमरुन निसा समुहको सदस्य बनाइयो । समुह छलफल को माध्यम बाट विभिन्न समस्य र सवाल को बारे जानकारी भयो । वहा समुहमा नियमित रुपमा आउने र सामाजिक कियाकलाप मा सहभागी हुन थालिन । तर श्रीमान को सहयोग विना वहा को नागरिकता बनेको थिएन ।  कमरुनको श्रीमान इवारत हुसेन लाई आफनो श्रीमतीको प्रति वास्ता थिएन । त्यस कारण कमरुन निसा लाई समुहको सिफारिसमा आय आर्जन को लागि केही रकम सहयोग गरियो । जस बाट वहा को श्रीमानलाई व्यवसाय गर्नको लागि सहयोग भयो । मैमुन्न र कमरुन को श्रीमान राहत हुसेन खाँ, इवारत हुसेन को सोच थियो कि महिलाहरुको नागरिकता किन चाहियो सबै काम हामी गरी रहेका छौ । यदी यीनीहरुको नागरिकता बनाए भने घर सम्पत्तिमा अधिकार लिन्छन । तर समुह छलफल ,दर्ता अभियान संचालन गरी वहाहरुलाई नागरिकताको महत्व बारे बुझाईयो ।

वहाहरुको श्रीमानहरु संग समुहका हिन्दू महिलाहरु व्यक्तिगत रुपमा भेटघाट गरी नकारात्मक सोच घटाउनु भयो । समुह छलफल भए पछि समुहका महिलाहरु जसको नागरिकता बनेको थियो वहाहरु आफ्नो उदाहरण दिएर वहाहरुको श्रीमानलाई उत्प्रेण बढाउनु भयो । परिणाम स्वारुप र ाहत हुसेन र इवारत हुसेन ले नागरिकता वनाउना तयार भए । वहाहरुलाई प्रक्रिया र आवश्यक कागजपत्र तयार गर्न र वार्ड कार्यालयमा समन्वय गराउने काम रंगपुर को सामाजिक परिचालक राजेन्द्र प्रसाद चौधरी ले गर्नु भयो ।

कमरुन निसा र मैमुन्न निसा को श्रीमान विवाह दर्ता बनाउनाको लागि आवश्यक कागज पत्र तयार गरी विवह दर्ता गराउनु भयो । विवह दर्ता बनाए पछि नागरिकता बनाउनाको लागि फारम उपलब्ध गराईयो । परिणाम स्वारुप कमरुन निसा र मैमुन्न निस को ४६ र ४९ वर्ष पश्चात नागरिकता प्राप्त गर्नु भयो । अहिले वहाहरुलाई महसुस भएको छ कि हामी पनि घरको सदस्य हौ ।

**कमरुन र मैमुन्न** :– नागरिकता पाए पछि बहुत खुशी लागेको छ । अब हामी भोट पनि दिना पउछौ अहिले सम्मा हामी भोट दिन पाएका थिएनौं । यति मात्र होईना हामीहरुको अधिकार सुनिश्चित हुन्छ । यदि हामी समुह छलफलमा नबसेको को भए नागरिकता बन्ने थिएन ।

## १९. कृषक समुहमा दर्ता

**सुचना दाताको नाम** :– विन्द्रावती लोध, आलिया खातुन
**ठेगाना** :– मायादेबी –४ पिपरा
**मिति** :– २०७५।०८।२५
**रिर्पोट कर्ता** :– शकुन्तला अग्रहरी
**तयार कर्ता** :– सतीश कुमार निगम

मायादेबी ४ पिपरा मा दलित सामाजिक विकास केन्द्र र यूनाईटेड मिशन टू नेपाल को संयुक्त साझेदारीमा संचालित एकिकृत शान्ति निर्माण परियोजना अर्न्तगत विगत २ वर्ष पहिला ४ वटा समुह गठन भएको थियो । जागरुक महिला समुह ,लक्ष्मी महिला समुह ,पंचतारा महिला समुह ,गौरा महिला समुह । प्रत्येक समुहमा २० देखी २७ जना सदस्य रहेका छन । जसमा हिन्दु र मुस्लीम मिक्स सदस्य रहेका छन ।

यस मायादेबी ४ पिपरामा गठीत महिला समुहमा हिन्दु र मुस्लीम ,दलित,पिछडा समुदायका सदस्य रहेका छन । जसको अवस्था दयनिय रहेको छ । महिलाहरु घर भित्र सिमित भई घरायसी काम गर्ने र खेतीपाती गरी दैनिक जिवन यापन गरि रहेका छन । स्थानिय स्तरका विभिन्न संरचनामा यिनिहरुको पहुच एक दमै न्यून रहेको छ । मुस्लीम महिलाहरु को अवस्था ता झ जरजर रहेको छ । मुस्लीम महिलाहरु कुनै पनि सामाजिक क्रियाकलापमा नजाने र विभिन्न संरचनमा सहभागीता थिएन । जसकारण यीनीहरु सरकारी र गैर सरकारी निकायबाट पाउने सेवा सुविधा बाट बन्चित भएका छन । तथा सरोकारवाला निकाय संग समबन्ध विस्तार छैन । जसबाट सुचना तथा जानकारीबाट बन्चीत भएका छन ।

दलित सामाजिक विकास केन्द्र र यूनाईटेड मिशन टू नेपालको संयुक्त साझेदारी मा संचालित एकिकृत शान्ति निर्माण परियोजना अर्न्तगत मायादेबी ४ पिपरामा ४ वटा महिला समुह गठन गरी नियमित रुपमा विभिन्न विषयमा छलफल गरियो । जस्तै : बाल विवाह, दहेज लैंगिक हिंसा,घरेलु हिंसा, स्रोत साधनमा पहुच,विभिन्न संरचनामा सहभागीता, सामाजिक समस्य र सवाल पहिचान, जस्ता विषयमा छलफल गरी महिलाहरुलाई जागरुक गराईयो । साथै महिलाहरुको अभिभावकहरुलाई विभिन्न तालिम गोष्ठीमा जस्तै : जोडी छलफल, सहयोगी पुरुष समिति को नियमित बैठक,जेण्डर तालिम,द्वन्द्व व्यवस्थापन तालिम, सामुदायिक मध्यस्तता तालिम, सडक



नाटक, स्थानिय सवालमा अन्तरक्रिया, मनोसामाजिक स्वा परामर्श तालिम, घरायसीकाममा कार्यशाला, शान्ति दिवस, मजदुर दिवस, महिला दिवस, १६ दिने अभियान, दशै ईदको शुभकामना अदान प्रदान जस्ता कार्यक्रममा सहभागी गराई सहयोग तथा सोच विचारमा परिर्वतन को लागि जन चेतना अभिबृद्धि गरि सहयोग गरियो ।

परिणाम स्वारुप मायादेबी ४ पिपरा मा रहेको जागरुक महिला समुह, लक्ष्मी महिला समुह ले छलफल गरी स्थानिय सरोकारवाल संग समबन्ध विस्तार गर्नको लागि कार्ययोजना निर्माण गरी मायादेबी गाँउ पालिकको कार्यालय पकडीमा समन्वय भेटघाट गर्नु भयो । जस बाट गाउ पालिका प्रमुख बजरंगी चौधरी ले भन्नु भयो कि कृषक समुहमा दर्ता भएको समुहलाई नै हामी सेवा सुविधा दिने र सहकार्य गरी काम गर्ने छौ । तदपश्चात समुहका सदस्यहरु पुनः छलफल गरी समुह लाई कृषक समुह बनाउने सहमती गरी कार्ययोजना निर्माण गर्नु भयो । सोही अनुसार कार्यन्वय गरी जागरुक महिला समुह र लक्ष्मी महिला समुह कृषक समुहमा कृषि सेवा शाखा पकडीमा दर्ता भएका छन ।

आलिया खातुन : पहिला हामी एकिकृत शान्ति निर्माण परियोजनाको समुहमा छलफल गरी काम गरेका थियो । तर कृषि सेवा केन्द्र र गाँउ पालिका बाट पाउने सुविधाबाट बन्चित रहेका थियो । अब भरोसा भएको छ कि हामी पनि बोरिङ्ग,पप्पसेट को लागि प्रस्तावना हालेर सेवा सुविधा प्राप्त गर्न सक्छौ । हामी सबै बहुत खुशि भएका छौ ।

## २०. समुहिक रक्षा बन्धन कार्यक्रम सफल

**सुचना दाताको नाम** :– राज अग्राहरी, राम सजन धोबी, संदीप पाण्डेय, माधुरी रैदास
**ठेगाना** :– यशोधरा –४ पिपरा
**मिति** :– २०७५।०८।२८
**रिर्पोट कर्ता** :– शकुन्तला अग्राहरी
**तयार कर्ता** :– सतीश कुमार निगम

मायादेबी ४ पिपरा मा हिमालय किशोर किशोरी समुह र पार्वती किशोर किशोरी समुह गठन भई नियमित रुपमा छलफल भएको छ । समुहमा हिन्दू र मुस्लीम किशोर किशोरी रहेका छन । समुहमा बाल विवाह, दहेज, लैंगिक हिंसा, घरेलु हिंसा, सर सफाई, सामाजिक क्रियाकलाप, प्रजनन स्वास्थ्य, जस्ता समसमायिक विषयमा छलफल भई जानकारी भएको छ ।

समुह गठन नहुनु भन्दा पहिला हिन्दू र मुस्लीम किशोर किशोरीहरु एक आपसमा कुरा नगर्ने, सहकार्य गरी काम नगर्ने, साथै सामाजिक क्रियाकलापमा सहभागी नहुने गरेका थिए । उनी हरुको सोच मा मुस्लीमहरुको साथमा नबस्ने, उनीहरुले छोएको नखाने, र सामाजिक काम हाम्रो होईन यो सबै नेता र सरकार ले गर्ने काम हो थियो । बिभिन्न चाड पर्व, रितिरिवाज, संस्कृति एक आर्काले मनाउदा सहभागी नहुने अवस्था थियो । जसबाट एक आपसमा सहकार्य र भाईचाराको बाताबरण सृजना भएको थिएन । आपसी सहयोग सहकार्य किशोर किशोरी को बीचमा थिएन ।

दलित सामाजिक विकास केन्द्र र यूनाईटेड मिशन टू नेपाल को संयुक्त साझेदारीमा संचालित एकिकृत शान्ति निर्माण परियोजना अर्न्तगत हिमालय किशोर किशोरी समुह र पार्वती किशोर किशोरी समुहका सदस्यहरुलाई समुह छलफल को माध्यम बाट लैगिक विभेद, घरेलु हिंसा, बाल विवाह, दहेज, सामाजिक क्रियाकालपमा सहभागीता जस्ता विषयमा जानकारी गराईयो । साथै समुह का सदस्यहरुलाई विभिन्न तालिम गोष्ठी जस्तै : जेण्डर तालिम, क्षमता विकास तालिम, जिवन उपयोगी सीप तालिम, द्वन्द्व, भित्ते पत्रिका लेखन तालिम, बक्तृत्वकला प्रतियोगिता, हाजरी

जवाफ प्रतियोगिता, लगायत अन्य अभियान तथा अर्न्तक्रिया, सडक नाटक, गोष्ठी कार्यक्रममा सहभागी गराई उनीहरुको चेतनाको स्तरमा विकास गरिएको छ ।

परिणाम स्वारुप मायादेबी ४ पिपरामा रहेको हिमालय किशोर किशोरी समुह र पार्वती किशोर किशोरी समुहका सदस्यहरु अफ्नो समुहमा छलफल गरी समुदायमा एक आर्कालाई घरायसी तथा व्यक्तिगत काममा सहयोग गर्न थालेका छन । साथै समुह छलफल गरी कार्ययो जना निर्माण गरी हिन्दू र मुस्लीम किशोर किशोरीहरु सहकार्य गरी संग संगै दुई वटा सामाजिक कियाकलाप आयोजना गरी गरेका छन । १. रक्षा बन्धन कार्यक्रम २. सर सफाई, सहभोज तथा बृक्ष रापण कार्यक्रम यी कार्य गर्दा हिन्दू र मुस्लीम किशोर किशोरीको सक्रिय सहभागीता थियो । यस वार्ड मा यो कार्य पहिलो हो जुन हिन्दू र मुस्लीम किशोर किशोरी सहकार्य गरी सामाजिक कियाकलाप गरेका छन । रक्षा बन्धन कार्यक्रममा किशोर ले किशोरी लाई र किशोरीले किशोर लाई रक्षा बन्धन बाधेर गिफट को रुपमा आफु संग भएको नराम्रो कुरा एकले आर्कालाई दिएर छोडने प्रतिबद्धता गरेका छन । साथै किशोरहरु सामुहिक रुपमा प्रतिबद्धता गरेका छन कि हिंसा गर्दीन र देखे पछि प्रतिबाद गर्ने छु । साथै श्री जनता प्रा.वि.सानो गौरा को प्रांगणमा सरसफाई गरी ७ वटा फलफूलको बृक्ष रोपण गरेका छन । त्यही कार्यक्रममा अन्तर धार्मिक तथा जातिय छुवाछुत अन्तको लागि सहभोज गरी खाना खाए छन । जस बाट सामाजिकरुपमा रहेको छुवाछुत अन्त गर्ने सन्देश दिएको छ । यस कार्यक्रम बाट किशोर किशोरीहरु सामाजिक कियाकलाप गर्न उत्साहित भएका छन ।

**आदेश पाण्डेय** : यस कार्यक्रम बाट हामीहरुलाई धेरै कुरा सिकाएको छ । हामी घरमा घरायसीकाम गर्दैनौ र अरु जात धर्म का व्यक्तिहरुको साथ खादैनौ तर आफै खाना पकाएर संग सगै खादा खुशी लागेको छ । समाज हाम्रो हो सामाजिक काम गरेर समाजलाई राम्रो बनाउनु पर्छ ।

**माधुरी रैदास** : अहिले सम्मा हामीहरुले भाईहरुलाई रक्षा बन्धन बाँधेका थियो । तर आजा भाई हरुले बहिनीहरुलाई रक्षा बन्धन बधे पछि खुशी लागेको छ । यो रितिरिवाज परम्परा ले हामीहरुलाई अगाडी बढन रोकि रहेको छ । बाधा पुऱ्याउने परम्परा लाई तोडी अगाडी बढनु पर्छ । चाहे हिन्दू होस या मुस्लीक हामी सबै एक हौ । सबैको साथ लिएर अगाडी बढनु पर्छ ।

## २१. श्रीमतीको सपनामा सुधार

कपिलवस्तु जिल्लाको गोटिहवा गाविसमा वासोवास गर्दै आएकी श्रीमती कोरी भर्खर १६ वर्ष भएकी छिन् । कक्षा ४ मा अध्ययन गरेकी श्रीमतीलाई उनको अभिभावक र परिवारको अरु सदस्यहरुले छोरीअर्काको घर जाने हो भनेर पराई धनहो भन्दै श्रीमतीलाई विद्यालय पनि जान दिएनन् यसरी वहाँको जिन्दागी वित्तिदै गाईरहेको थियो । श्रीमती कोरी को वुवाको नाम पुन्वासी कोरी आमा कैलासी कोरी २ जना दाई र दिदि हुनु हुन्छ श्रीमतीको आमाको मृत्यु भईसके पछि श्रीमती र वहाको सबै परिवार मामा घरमै आएर कपिलवस्तुको गोटिहवा गाउँमा बस्न थाले श्रीमतीकोरी को पढाई छुटिसकेको थियो । वहालाई घरको काम धैरै गर्नु पर्थ्यो अभिभावक र अरु परिवारले यताउता हिलडुल गर्न दिनु हुन्थेइन। घर बाट बाहिर जान दिनु हुन्थेन ४ कक्षा सम्म मात्र पढ्न दिनु भयो । यदिकतै जानु छ भने दाईको अनुमति लिएर त्यो पनि घर को कुनै सदस्य सगै छ, भने मात्र जान दिनुहुन्थ्यो, श्रीमतीले भन्छिनजहिले पनिदाई को दवावमा बस्न बध्य हुनु पर्थ्यो ।



जब अब मेरो पालो कार्यक्रम आयो गाँउका धेरै जसो किशोरीहरु समुहमा जाने गर्थे र त्यो हेरेर "श्रीमतीलाई पनिजिज्ञासा लग्यो यो समुहमा के हुन्छ ?", त्यो कुरा श्रीमतीले समुहमा अउने एक जना अफ्नो साथी सित सोधिन यो समुहमा के हुन्छ । श्रीमतीको साथीले भन्नु भयो एक जना दिपा दीदी हुनु हुन्छ वहाले समुह छलफल गर्नु हुन्छ त्यसमा धेरै कुरा र ज्ञानहरु सिक्न पाँइन्छ । भन्नु भयो त्यस पछि श्रीमतीलाई पनि त्यो समुह छलफलमा जान मन लग्यो । गोटिहवा गाँउ कपिलवस्तु जिल्लाको पछाडी पारिएको गाँउ हो । जहाकुनै पनि किशोरीको नागरिकता पाउने अधिकार छैन । घरदेखि बहिरा जानु वा आफ्नो सपनाको बारेमा कुरा गर्दा अभिावकहरुको अनुमति लिएर मात्र गर्ने गर्छन । त्यहि भएर समुहमा आउनको लागि श्रीमतीले अफ्नो अभिभावकलाई अनुरोध गरिन तर उनको अभिभाव छोरी मान्छेले घरको कामसिक्नु पर्छ घर बाट बहिरा जान हुदैन भन्नु भयो । श्रीमतीलाई समुहमा जान दिनुको लागि अनुमति दिनु भएन तर पनि श्रीमतीले समुहमा आउने साथी र त्यस गाउको समाजिक परिचालक लाई आफ्नो अभिभावक सगँ कुराकानी गर्न अनुरोध गरिन् । त्यस पछि श्रीमतीको अभिभावकले ठिक छ समुह छलफलमा जानु तर मैले त्यस्तो केही सुने भने ठिक छैन भन्नु भयो । यसरी श्रीमती समुह छलफलमा आउन थालिन र विस्तारै आफुमा परिवर्तन गर्न थालिन एक दिन वहाको दाई बहिर बाट अउनु भयो र वहालाई समुहमा जान रोक लगाउन खाज्नु भयो तर श्रीमती हार मानेनिन् उनीमा आफनो कुरा दाइलाई भन्ने हिम्मत आउन थाल्यो । उनी आफ्नो दाईलाई सम्झाईन कि म मात्रै होइन गाँउकाअरु किशोरीहरु पनि जान्छन समुह छलफलमा त्यहा धेरै राम्रो कुरा सिकाइन्छ म गाउँमाबाट बाहिर गई रहेको छैन गाँउमै समुह छलफल हुन्छ, मलाई जानदिनु भनेर श्रीमतीले अफ्नो दाईलाई सम्झाउन सफलभइन ।

यसरी नै विस्तारै समुह छलफलहरुमा भागलिनथालिन घर दैलो, कार्यक्रम, नाटक, रेलीकार्यक्रम, नागरिकता बनाउने अभियानहरुमा जस्ता कार्यक्रमहरुमा अगुवाईगर्न थालिन श्रीमतीले यसरी कार्यक्रमहरुमा भाग लिन थालिन अगुवाई गर्न थलिन र लक्ष्मी किशोरी समुहको अध्यक्ष बनिन् त्यस पछि श्रीमतीले नागरिकताको आभियानहरु गर्दा वहालाई पनिलग्नथाल्यो नागरिकताको पाउने हाम्रो अधिकारहो । हामी सबैले नागरिकता पाउनु पर्छ । भन्नु थलिन सुरुवात चाही आफु बाट गछु भनिन् गोटिहवा गाँउकपिलवस्तु जिल्लाकै दुर्गम गाँउ हो । जहा यदि छोरीको नागरिकताबनाएयो भने छोरीलाई सम्पत्ती दिनु पर्छ, छोरी अर्काको घर जाने हो, भनेर कसैले पनिअफ्नो छोरीको नागरिकता बनाइदिएको थिएन । तर श्रीमतीले नागरिकता हाम्रो नैर्सगिक अधिकार हो हामी नागरिकता पाउन पर्छ नागरिकता बनायो भने छोरी लाई सम्पत्ती दिनु पर्दैन, छोरीको पनि नागरिकता बनाउनु पर्छ छोरी नागरिकता पयो भने नेपाल सरकार बाट पाउनृ सेवा सुविधा पाउछ जागरि गर्न पउछ भनेर आफनो अभिभावकलाई सम्झाउन सफल भईन तर समुदायकाअरु व्यक्तिले श्रीमतीको नागरिकता बनाउने कुरा सुन्दा श्रीमतीलाई नराम्रो भन्न थाले तर श्रीमतीले अफ्नो अभिभावक र परिवारलाई सम्झाउन सफल भईन र कपिलवस्तु जिल्लाको गोटिहवा गाँउका पहिलो दलित किशोरी अफ्नो नागरिकता पाउन सफलभइन । अहिले वहालाई देखेर अरु किशोरी हरु अफनो नागरिकता बनाउन पर्छ भन्छिन र गाँउका अरु व्यक्तिहरुले पनि छोरीको पनि नागरिकता बनाउनु पर्छ भन्छन् ।

श्रीमतीले भन्छिन अहिले घर मा सबैले मेरो कुरा सुन्नु हुन्न म लाई यात उात जानदिनु हुन्छ समुदायका व्यक्तिजो सोचथे कि छोरी पराई घर जान्छ, छोरीको नागरिकता बनायो भने सम्पत्तीदिनु पर्छ वहाहरुले पनि आअफ्नो छोरीको र छोरीको मात्र नभएर बुहारीको पनि नागरि कता बनाउनु पर्छ भन्छन् ।

## २२. धान काटने किशोर किशोरी भए नाटककार

कपिलवस्तु जिल्लाको शुद्धोधनगाउँपलिका वार्ड नं ६ (बाँसखोर सानो कर्मा) मा दलित समाजिक विकाश केन्द्र र केयर नेपालको संयुक्त सझेदारीमा संचालित अव मेरो पालो परियो जना द्धारा किशोर किशोरी सश्क्तीकरणको लागी नियमित समुह गठन गरी किशोरी किशोरको पाउने शिक्षा, स्वास्थय, अधिकार, पहुचँ, तथा जीवन उपयोगी सीपको बारेमा छलफल गर्ने गरि एको छ । साबिकको बाँसखोर गा.वि.स कपिलवस्तु जिल्लाको सदरमुकाम देखी ९ कि.मि. पुर्व दक्षिण पक्षाडीपारिएको दलित समुदाय बढी भएको एउटा गाँउ हो । यो गाँउमा बालविवाह गर्ने गराउनको जरजर अवस्था थियो । यस गाँउमा १० देखि १९ वर्षका किशोर किशोरीहरु धान काट्ने, रोपाइगर्ने, किशोरीहरु भाडा धुने, खाना पकाउने पढन जान नपाउने कसैको अगाडी आफनो कुरा राख्न नसक्ने, बोल्न उभिन लाजाउने, डरउनेगर्थे घर बाट बहिर जान नपाउने, यदि एकदमै जरुरी छ भने अभिभावकको मन्जुरी वा अभिभावकलाई साथ लिएर जाने गर्थे यहाँका किशोर किशोरीहरु भन्छन् ।

तर अहिलेको अवस्था यस गाँउमा भएको समुहका किशोरकिशोरीहरुले पढाई लाई निरन्तरता दिने, समुहमा सक्रिय रुपमा उपस्थित हुने, जिल्लामा केहि कार्यक्रम छ भने जाने गर्छन यसरी नै दलित सामाजिक विकाश केन्द्रले संचालन गरेको बुद्धनाटक समुहको प्रतिभा र त्यस नाटकहरुबाट देखेएर पाएका प्रेरणा यस कर्मा गाँउका समुहका किशोर किशोरीहरु क्रमश..पुनिता हरिजन, रेनु चाई, साधना, हरिजन, पुजा चाई, मनिषा यादव, किशोर समुह बाट पशुपति हरिजन , राजकुमार हरिजन सुरेन्द्र पासवान ले नाटकहर लेख्ने अभिनय गर्ने कलाको समेत बिकास भएर एक किशोर किशोरी नाटक समुह बनाउन सफल भएका छन । सुहारा बाट सुनौलौ हजार दिनको कार्यक्रम बसाखोर र समबिक हाथिहवा गाविसको एक गाविसको ४/४ वटा ठाउँमा नाटक देखाउने अवसर पनि पाउदा किशोर किशोरीका खुसी सीमा भएन । नाटक सरसफाइ, सुत्केरी, बाल स्यहार ,चर्पी बनाउने र प्रयोग कसरी गर्ने ?, गर्भवती हुदाँ कति पटक र कुन कुन महिनामा चेक गराउनु पर्छा ?, सुत्केरी भई सकेपछि स्वास्थ्य संस्थाले दिने सेवा सुविधा के के हो ?, बालबालिकाको स्याहार सुसार कसरी गर्नु पर्छा ? सुत्केरी भई सकेपछि खाना केके खानु पर्छ ? भन्ने विषयवस्तुहरुमा संदेशमुलक नाटकहरु किशोर किशोरीहरु आफ्नै अगुवाईमा तयार गरि नाटक प्रदर्शन गरेका छन् ।

किशोर किशोरीलेदुई वटा गाविसमाको एक गाविसको चार ठाँउमा सुनौलो हजार दिनबारे नाटक देखाए बापत कार्यक्रम बाट रु २० हजार रुपैया समेत पनि आर्जन गरेका छन । यो नाटक तयार गर्दा, प्रस्तुत गरे पछि उनिहरुको आफनो क्षमताअभिबृद्धि हुनुको साथै घर, गाउ, समाज , तथा आफनै जीवनमा लागुहुने सन्देश समेत दिएको छ ।



## २३. लक्ष्मिको लक्ष्य



**उद्यमीको नाम** : लक्ष्मि पासी
**ठेगाना** : बाँसखोर ६ कर्मा (शुदोधन गाउँपालिका ६)
**परिवार सख्या** : महिला २ पुरुष ३
**ब्यवसायको नाम** : सिलाई कटाई
**स्थापना मिति** : मार्च २०१७
**स्वलगानी** : रु. २०००।
**सहयोग लगानी** : रु. १००००।
**जम्मा** : रु १२०००।

लक्ष्मि पासी एक दलित समुदायकी २४ बर्षे बुहारी हुन । यिनी संग लेडिज कपडा सिलने सीप रहेको पनि छ । यिनी आफनो घरबाट बाहिर जानको लागी धेरै समस्या झेल्नु पर्ने यो हाम्रो तराई समाजको परम्पराको रुपमा लिनेगरेको कुरा अवगतै छ । उनी घर परिवारबाट त्यती सहयोग नपाएको र श्रीमान बिदेश तिर बस्दै गरेकोले घरमा बस्न असहज महसुस गरीरहेको कारणले उनी समुहमा आवद्ध हुनु भन्दा पहिला मइता बस्दै आएको कुरा समुहका अध्यक्ष किस्मती हरिजन ले बताउछिन । अहिले उनको परिवारमा सासु, ससुरा, श्रीमान र ८ बर्षको एक छोरा गरी ५ जनाको परिवार रहेका छन । श्रीमान बिदेशबाट घर फर्के पछि बेरोजगार भई रक्सी खाने ,यता उता घुम्ने काम मात्र गर्छन । अब मेरो पालो कार्यक्रमबाट संचालित उद्यमशिल्ता कार्यक्रमको समुहमा आवद्ध हुन घरकी छिमेकी रहेकी किस्मती हरिजनले सहयोग गरिन । समुहमा जान वहाँलाई त्यती बेला धेरै चुनौती पनि थियो । उनको सीपको कुनै सदउपयोग नरहेको कुरा आफै लक्ष्मि पासीले बताइन । घरमा कुनै आम्दानीको बाहिरी स्रोत नभएको कारण समस्या माथी समस्या थपिदैं गई रहेको थियो । कार्यक्रमको उद्धेश्य तथा लक्ष्य थाहा पाए पछि लक्ष्मि समस्याको पहिचान ,सीपको सदउपयोग ,रोजगारी श्रृजना गर्ने सोच बनाइन ।

दिनचर्य बित्दै जादा दलित समाजिकबिकास केन्द्र तथा केयर नेपालको सहयोगमा संचालित अब मेरो पालो कार्यक्रमअन्तरगतजीविकोर्पाजन क्रियाक्लापको **UCPA** को घ बर्गमा पर्ने भएको र त्यसको अधारमा लघु उद्यम समुहमा आवद्ध भए पश्चयात वहाले ब्यवसायगर्ने उत्प्रेरणा पाए पछि समुहमा सिलाइ मेसिनको लागी दलित सामाजिक बिकास केन्द्र बाट सिलाईको ठूलो मेसिन मागको निबेदन समुहमा दिइन । त्यको अधारमादलित समाजिकबिकास केन्द्र तथा केयर नेपालबाट रु १०००० र आफै रु. २००० को सयुक्त लगानीमा सिलाइ मेसिन प्राप्त गरिन र वहाँको उत्साह बढदै गयो । अहिले वहाँ सिलाइको समान किन्न र समुह बैठक,तथा अन्य कार्यक्रममा समेत जाने गरेको छिन । समग्रमा हेर्दा गतिशिल्ता बढेको पाइएको छ ।

वहाको अथकप्रयास ले उनिअहिले मासिक रु ५००० देखी ८००० को आम्दानी गरेको कुरा आफै बताउछिन । त्यसै आम्दानीबाट छोराको किताब, कापी, मासिक फिस पनि आफै तिर्दै गरेको छिन । यो काम बिशेष गरी छोराको पढाइको निरन्तरताको लागी गरेको समेत बताउछिन । अम्दानीको स्रोतकै कारण अब उनी आफनै काममा ब्यस्त छिन र उनी छोरा पढाउने र जेन्स कपडा ासिलाइ सिक्न नजिकको बजार पकडीमा गई सिक्ने लक्ष्य रखेकी छिन । गाउको किशोरी तथा बुहारीहरुले सिक्न चाहने इच्छा राखेमा सिकउने समेत कुरा गर्दछिन ।

## २४. मन्नाकै मन कै बात



**उद्यमीको नाम** : मन्ना रैदास
**ठेगाना** : मायादेबी गाँउ पालिका ५ बलुहवा,
सानो सिसहनिया
**परिवार सख्या** : महिला १ पुरुष २
**ब्यवसायको नाम** : मसला मिल
**स्थापना मिति** : २०१७
**स्वलगानी** : रु. १००००
**सहयोग लगानी** : रु. २५०००
**जम्मा** : रु ३५०००।

हमार नाम मन्ना रैदास होय । हम ४० बर्षकै एक दलित पिछ्णल गाँवके महिला होई । हमार घर कपिलबस्तु जिल्लाके सदरमुकाम तौलिहवा से १० किलो मिटर पुर्व दक्षिण हालकै माया देबी गाँउ पालिका वार्ड न. ५ साबिक कै बलुहवा गा.बिस. कै सानो सिसहनिया कहलका एक गाउमे होए । हमार गाँवमे २०१० साल पुरानके जामाना मे स्थापित स्कुल रहले के बावजुद यहँकै महिला, किशोरी, कै शिक्षा बहुत न्यून बाँय । उहिके नाते यहकै महिला जहाकै त्यही बाटिन । बिटिया बेटवा के पढावेके खातिर तथा वनके अधिकार के खातिर पैरवी करेके खातिर दलित सामाजिक बिकास केन्द कपिलबस्तु तथा केयर नेपालके साझेदारी मे संचालित अब मेरो पालो कार्यक्रम से किशोरी किशोर समुह संचालित बाय । शिक्षा कै कारण यहकै बिटिया बेटवा बाल बिवाहके चपेटामे परत आवत बाटै । यी बाल बिवाहकै बिभिन्न कारण मे से गरिबी भी एक होय । यही गरिबीके कारण समझके दलित सामाजिक बिकास केन्द्रके द्वारा संचालित अब मेरो पालो कर्यक्रम के तहत महिला,बुहारी, किशोरी के सिप बिकास के खातिर, आम्दानीमे तरक्की लावेके खातिर जीविकोपार्जन कार्यक्रम २०१७ के मई महिनामे सुरुवात भइल । यी कार्यक्रम शुरु भइलेसे पहिले **UCPA** गरिबीकै अन्तर निहित कारण पत्ता लगाइके घर धुरी छनौट भइल रहल । उहि घर धुरि मेसे हमहु एक होई । यह गाउके किशोरी बुहारी तथा आमा मिलाइके १२..लोग कै एक उद्यमी समुह गठन यहाँ संस्था द्वारा कइल गइल । उ समुह के नाम समय लघु उद्यमी समुहके नाम से जानल जात है । समय उद्यमी समुहकै अध्यक्ष बनेके भि हमहिक अवसर मिल्ल । यही सस्थाके सुपरभाइजर रमेश सरके उत्प्रेरणा पाइ के ब्यवसाय छनौट करेके अवसर मिलल रहा । जवनेमे हम मसला पिसने मेसिन चलाइके गावके महिला लोगनके सेवा तथा आम्दानी करेके खातिर यी ब्यवसाय छनौट करेन अउर समुहमे निबेदन भि दिहेन । वह निबेदन के अधार पर दलित सामाजिक बिकास केन्द्र अउर आपन स्व लगानीमे मसला मिल संचालन करेके निर्णय भइल । मई २०१७ मे संस्थाकै रु. २५००० स्व रु. १०००० जम्मा रु. ३५००० के सयुक्त लगानीकै सम्झौता अनुसार ब्यवसाय संचालन शुरु करेन । हमरे घरमे हमार श्रीमान, छोरा जम्मा ३ लोग कै छोट परिवार है । हमार श्रीमान भारतके मुम्बइमे रोजगारीके शिलशिलामे गइल है । महिला भइलेके कारण मोटरवाला मेशिन चलावेमे बहुत चुनौती रहा । दलित सामाजिक बिकास केन्द्र से जब मसला मिल ब्यवस्थापन तालिम पाएन तब हमार डर भै सब खतम हाइगावा । मिल चलावेमे अब बहुत आसानी के साथ साथ सहज लगत है । मिलमे कुछ बिगणले पर बनवावे के खातिर खुद हम हि सक्षम हन । हमरे यहा चार पाच गाँव (छोटकी सिसहनिया, बडकी सिसहनिया,गौरा, बलुहवा) से ग्राहक आवत है । पहिले घरमे कौनो काम न



रहलेके कारण गाँव घर घुमके बितावेक परत रहा । अब हम अपने काममे हि ब्यस्त हन । यह समय मासिक ५ हजार से ६ हजार कै आम्दानी होत हय । उ पैसा अपने बेटवाके पढाइ मे, समुह बचत मासिक रु.१००, घर खर्चमे लगाइत हन । अब हम गाउके और महिला किशोरी बुहारी लोगनके भि ब्यवसायमे लावे खातिर सुझाव सल्लाह भी देत हन । हमरे मिल से चामल, दाल, धनिया, जिरा, बेसार, खुर्सानी पिसा जात है और मटर, मसुरो, रहर के दाल भि बनावा जात है ।

## २५. सीमाको फराकिलो सिमाना

कपिलवस्तु जिल्लाको मायादेवीगाँउपालिका वाडा नं. ५ बलुहवा, सानो सिसहनियामा बस्ने सीमानाँउ १८ वर्ष की एक किशोरी हुन । र उनको वुवामोलहु नाँउआमाविमलावतीनाँउ र २ जनादाई भाई गरी ५ जनाको सानो परिवाररहेकाछन् ।उनी धेरै गरिब पारिवारमा जन्मिएकी हुनाले घरको अर्थिक अवस्था धेरै कमजोर रहेको छ। उनी समुह मानिन्तर आउने गरे कि छिन र संस्थाबाट १०,००० (रु दशअजार) छात्रवृत्ति पनि पाएको छिन । उनीकक्षा५ सम्म आफनैगाँउमा रहेको स्कुलमा पढे कि छिन । तर अभिभावकले छोरीलाई धेरै पढाउनु पर्दैन, छोरी पराई घर जाने हो भन्ने पुरानो सोच थियो । अव मेरो पालो कार्यक्रम द्वारा संचालितअभिभावक समुहको बैठकमा सिमाको अभिभावक पनि उपस्थित हुनु हुन्थेयो । बैठकको छलफलमा आउनथाले पछि छोरीलाई पनि पढाउनु पर्छ भन्ने सोचकोविकाशहुनथाल्यो । तर छोरीलाई अगाडी पढाउन को लागि पैसा जुटाउन नसकेर छोरी लाई गाँउबहिर स्कुलमा पढाउनको लागित्यतिचासो लिएनन । किनकीउनको पारिवारको अर्थिक अवस्थात्यति राम्रो थिएन ।सिमाकहिले काही साथीहरुको साइकलमा बसेर स्कुलजाने गर्थिन उनी समुहमानिरन्तर अउने र सक्रिय सहभागीहुन्थिनजसले गर्दा उनी समुहको लिडर भईन । उनले संस्थाबाट पाएको छात्रवृतिको रकम साइकल किनिन र उनी गाँउ देखी ३ कि.मि. निरन्तर जनतामा.वि.मा विद्यालयमा नियमित पढ्न जान थालिन । “छात्रवृत्तिको व्याज पैसा पाए पछि म पढाई बाट बञ्चितहुन बाट जोगिए” हसिलो मुहार लिएर भनिन् । अहिले उनी निरन्तर विद्यालय गइ हरेको छिन र समुहमा नियमित आउने गर्दछिन । जिल्लामाकुनै कार्यक्रम हुदावहाँ साइकल लिएर जाने गर्द छिन जसले गर्दा उनको पढाईमा निरन्तरताको साथ गतिशीलता पनि बढेको देखिन्छ । अहिले उनिकक्षा १० सम्मा पढने योजना बनाएका छिन ।

## २६. कथा कलिलो फुलकलीको

**किशोरीको आमाको नाम** : प्रमिला यादव
**ठेगाना** : कृष्णनगर नगरपालिका –७, अजिगरा
उमेर : ३८ बर्ष
**समुहको नाम** : अजिगरा अभिभावक सहहोग समिति, अजिगरा

कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका वडा नं ७ अजिगारामा बस्ने श्रीमती प्रमिला देवी यादव एउटा असल ३८ वर्षिय आमा रहेकि छिन् । उनको परिवारमा ६ जना सदस्य रहेको छन् । उनको छोरी फुलकली यादव वर्ष १६ कि छिन । प्रमिला यादवले आफ्नो छोरीको विवाह गर्न को लागि घरमा सल्लाह गरिरहेको छिन् र केटा पनि खोज्न सुशार गरिसकेकि थिइन ।

विवाहको लागि तयारी गर्ने तरखरमा सबै घर परिवार लागीपरेका थिए ।

बालविवाहगर्ने कुरा सुनेर सामाजिक परिचालकले बालविवाह बाट स्वास्थ्यमा पर्ने नकारात्मक असरहरु बारे सम्झाउदा पनि प्रमिलाले छोरीको बालविवाहगर्ने सोचमा केही परिवर्तन अएन तर जब समुह छलफलमा वकिल द्वारा बालविवाह, नागरिकता, लेगिंक हिंसाको कानुनी प्रावधानको वकिल द्वारा प्रशिक्षण कार्यक्रममा प्रमिलाको मनमा बिवाह प्रति बिभिन्न उत्सुक्ताहरु जाग्नथाले । कार्यक्रम छलफलको समयमा प्रमिलाले वकिलसित मनमा लागेका कुरा सोधिन विवाहमात्र गर्छु गौना पछि दिएभने के हुन्छ ? सोध्दा खेरि वकिलले वहाँलाई बाल बिवाह प्रतिको कानुनी सजाय,शारिरिमा आउने समस्या बारे सम्झाउनु भयो । बालविवाह गर्यो भने के कस्ता छोरीलाई के कस्ता शारिरिक मानसिक असर पर्छ र के कस्ता कानुनमा दण्ड सजाय रहे कोछ त्यसको बारे सम्झाउदा प्रमिलाको आँखा खुल्यो । र भन्नु भयो म लाई यस्तो प्रावधान थाहा थिएन यो सबै समस्या अउछ ।

अव प्रमिला बालविवाह गर्ने सोच मा परिवर्तन आयो र त्यस पछि प्रमिलाले समुहमा प्रतिवद्धता जाहिर गरिन कि अब म मेरो छोरीको विवाह बालविवाह गर्दिन । उमेर पुगे पछि मात्र विवाह गर्छु । यसरी वकिल द्वारा कानुनी प्रशिक्षणबाट एक जना किशोरीको बाल विवाह रोक्यो । अहिले उनि पढाइमा निरन्तरता पाएकी छिन ।

## २७. ललिताको लामो प्रयास

**किशोरीको नाम** : ललिता रैदास

**ठेगाना** : मायादेबी गाँउपालिका वडा नं ५ बलुहवा

**उमेर** : १८ बर्ष

कपिलवस्तु जिल्लाको मायादेवी गाँउ पालिका वार्ड नं. ५,बलुहवा (सानो सिसाहिया ) मा बसोवास गर्दै वर्ष १८ कि लालिता रैदास पछाडी परिएको एक बिपन्न परिवारकी किशोरी हुन । उनको वुवा हेमराज रैदास र आमा गंगोत्री रैदास २ जना भाई र ३ जना दिदि बहिनी छनरहेका छन । सिसहनिया गाँउ कपिलवस्तु जिल्लाको पिछडिएको गाउँ हो । त्यस गाँउका व्यक्तिहरुले छोरीको नागरिकता बनाउनु हुदैन । नागरिकता बनाइयो भने सम्पत्तीमा हिस्सा लाग्छ । छोरी अर्काको घर जान्छे उसको नागरिकता किन बनाउनु पर्यो ? जस्ता नकरात्मक सोच रहेको थियो ।

तर जब लालिता रैदास दालित सामाजिक विकास केन्द्र र केयर नेपाल द्वारा संचालित अब मेरो पालो कार्याक्रम अर्न्तगत किशोरी समुहमा आउने गरेको थिइन । र समुहमा विभिन्न विषयवस्तु बारे सिक्दै गइन । समुहमा नागरिकताको विषयमा छलफल गर्दा मेरो उमेर पनि नागरिकता बनाउने भईसकेको कुरा मनमा विचार गरिन । नागरिकता पाउने हरेक नागरिकको अधिकार हो । नागरिकता मेलै पनि बनाउनु पर्छ र यो कुरा लालिताले अफ्नो आमावुवालाई भनिन तर यो कुरा आमा बुवाको लागी त अच्चम लाग्यो । उनको आमावुवा र गाँउका अरु व्यक्तिले सुन्दा रिसाउने, झर्कने गरेका थिए । छोरीको नागरिकता बनाउनु हुदैन छोरी अर्का को सम्पत्तिहो तर लालिताले हार मानेनिन् । उनी आफ्नो आमा र वावालाई समाजिक परिचालकको सहयोग लिएर सम्झाउन प्रयास गरिन । नागरिकता बनाएनौ भने हामी सारकार बाट पाउने सेवा सुविधा पाउन पाउदैनौ, बैंकमा खाता खोल्न सक्दैनौ, उच्च शिक्षा हसिल गर्न सक्दैनौ, सरकार बाट अर्थिक सहयोग लिन सक्दैनौ । नागरिकता बनाउनु पर्छ भनेर आफना् आमा वुवालाई सम्झाउन सफल भइन। र म आफ्नो आमा, बुवा, परिचालक सरको सहयोगमा सिसहनियाको उदाहरणिय पहिलो किशोरी नेपाली नागरिक भए । र गाउकै नागरिकतापाउने पिहलो किशोरी हु ।



## २८. अन्जुमा आयो परिवर्तन

यस सदर मुकाम देखि १२ किलो मिटर दक्षिण पश्चित यशोधरा गाँउपालिका वडा नं. ७ बेल्सापुरका वर्ष १८ किअन्जु चौहान उनी अफ्नो आमावुवाको एक्लै छोरी हुनअन्जु लाई वहाको आमावुवाले सिलाई कटाई गर्न जनादिनु व्याहेक अरु बेलाकतै नदिने उनी बेल्सापुरमा समुहमा पनि छिन सिलाई कटाई व्याहेक समुहमा माबजनादिने छुट रहेको थियो । अन्जुको आमा घरको कामगर्न को साथ साथै घरमा रहेको भैसीको हेरचाह पनि गर्नु हुन्थ्यो अन्जुले पनि आमालाई घर को काम र भेसीको हेरचाह गर्न सहयोग गर्नु हुन्छ ।

अन्जुले जम्मा ३ कक्षा सम्मामात्र पठाई गरेकी छिन, घरायसीकामको चापभएको ले र वहाको अभिभावको छोरीलाई धेरै पढाएर कुनै काम छैन जस्तो सोच भएको कारण ले अन्जुले कक्षा ३ सम्मा मात्र पढन पाइन् ।

दलित समाजिक विकाश केन्द्रको पहलमा केयर नेपालको सहयोगमा विगत ३ वर्ष देखि यस गाँउमा माहिला शसक्तिकरण तथा बालबालिकाको अधिकारको लागि पैरवी ( अव मेरो पालो भन्ने परियोजना अर्न्तगत गारिबीका अर्न्तनिहितकारण पत्तालगाई वहाँहरुको आर्थिक तथा समाजिक, पहुच पुर्याउन जीवीकोपार्जन लागि आयअर्जान कार्यक्रम संचालन गारिएको छ यस कार्यक्रममा विद्यालय छाडेका किशोरी, बुहारी तथा आमालाई जीविको पार्जन गर्नको लागि प्रोत्सहित गर्छ सुरुवातमा उद्दम समुह गठन गरियो, अन्जु पनिकक्षा ३ पढेर विद्यालय छाडेको १८ वर्ष किभइ सकेकी थिएन । उनलाई यो सुमह मा बस्न अनुरोध गरेको किन की उनी विद्यालय छाडेकी र सिलाई कटाई बारे पनिअलि ज्ञान रहेका पाएको थियो, वहासित अनुरोध गर्दा अन्जु उद्दामी समुहमा बस्न तयार भइन्, अन्जु लाई सिलाई काटाईको बारेमा ज्ञान भएको कारण वहलाई संस्था बाट सिलाई कटाई गर्ने मेसिन सहयोग गरियो, मेसिन पाए पछि अन्जु को मुहार मुस्कान आयो किअवउनी घरको काममात्रसिमीत रहदैनिन् उनीपनिअवआफ्नो सिप प्रयोग गरेर अफै पैसा कामाउन सक्निछन्' अन्जु मुस्कुराउै भनिन् । विस्तारै उनको सिपमा निखार आउनथल्यो उनीगाउँको व्यक्तिहरुको कपडा सिलाउनथलिन् विस्तारे समय वित्तिदै गयो र वहा बैठकमा पनि नियमित आउन थालिलन कपडा सिला एव पात पैसा कामाउन थालिन तर पनि उनी अझै पनिउनी अरु कार्यक्रमहरुमा जना गाँउ बाट बहिरा जनापाएनिन् अलित समाजिकविकाश केन्द्रर केयर नेपाल द्वारा संचालितअत्मरक्षक तालिममा जानको लागि वहालाई अनरोध गर्दा वहा जना तयार भइन तर वहाको वुवा छोरी लाई एक्लै गाँउ बाट बहिरा पठाउदैन भन्नु भयो अन्जु ले आफ्नो बुवालाई सम्झाउन थाथिल तर उनी अफनो बुवालाई सम्झाउन असफल भइर्न, असफल भए पनि उनीहार मानेनिनउनी अफ्नो समुहका समाजिक परिचालक र किशोर समुहका एक जना किशोर धिरजाई मेरो वुवालाई आत्मरक्षक तालिमा पठाई दिनलाई सम्झाउन लगाएपछि किशोर समुहका किशोर धिरज चौहानको कुरा र समाजिक परिचालन कुरा सुनेर उनीविश्वास गरे र अफ्नो छोरी अन्जुलाई आत्मरक्षक तालिममा पठाउन तयार भए यो कुरा सुनेर अन्जु निकै उत्सहितभईन र पहिलो पटक गाँउबाट बाहिरा बुटवल ५ दिने आत्मरक्षक तालिममा भागलिने मौका पाइन् तालिम बाट फर्के पछि अन्जु निकै अत्मविश्वसको साथमुहार मा मुस्कानलिएर घर घर बुगिन घर पुगे पछि अन्जु को बुवाआमापनि (छोरी फर्केर अएको केहि कुरा सिकनेर अयो भन्दै खुसीहुनु भयो, अन्जुले तालिम बाट सिकेका कुरा अरु समुह र समुहबहिराको साथीहरुसित छलफल गरिन त्यो देखेर समुहकाअरु किशोरीहरुमा प्रतिप्रधाको भवाना जागेको छ त्यस्तो तालिम गोष्ठीमा जनालाई तयार भएको छन् र अभिभावकहरुले पनि यो कुरा सकारात्मकलिइ रहेको छन्

अहिले अन्जु चौहानले सिलाई गरेर आयअर्जान गर्दै अफ्नो जिन्दगीमा निखार ल्याई रहेकी छिन् र समुदायमा नमुनाकिशोरीको रुपमा चिनिन् थालेकि छिन् ।

## २९. बलुहवामा बचतको बाटो खुल्यो

कपिलवस्तु जिल्लाको पुर्व दक्षिण सदरमुकाम देखि १० किलोमिटर भित्र पर्ने माया देवी गाँउपलिका वार्ड नं. ५ बलुहवाको सानो सिसहनियाजिल्लाकै पिछाडिएका गाँउमध्ये एक गाँउहो त्यहाको अधिकांशव्यक्तिहरु मदुरी तथा परम्परागत खेतीमा निर्भर छन् र त्यहाकामहिलाहरु झन् लैगिंक, समाजिक, अर्थिक विभेदमा परि पछाडी परेका छन् माहिला पुरुष एक रथका दुई पाङ्गा भन्ने उखान , उखानमा मात्र सिमित रहेको महिला र पुरुष बराबर पुहचमा पुग्न कठिनाई झल्न परेको कुरा संघर्षपुर्ण रहेको छ । यो ठाउमा विगत समयमा विभिन्न संभ संस्थाले काम गरेपनि महिलाको आर्थिक पहुँचमा खासै फरक नपरेको जस्तो थियो तर दलित समाजिक विकाश केन्द्रको पहलमा केयर नेपालको सहयोगमाविगत ३ वर्ष देखि यस गाँउमा माहिला शसक्तिकरण तथा बालबालिकाको अधिकारको लागि पैरवी (अव मेरो पालो भन्ने परियोजना अर्न्तगत गारिबीका अर्न्तनिहितकारण पत्ता लगाई वहाँहरुको आर्थिक तथा समाजिक, पहुच पुर्याउन जीवीकोपार्जन क्रियाकलाप संचालित रहेको जीविकोपार्जन कार्यक्रममा विद्यालय छाडेक ।किशोरी, बुहारी तथा आमालाई जीविकोपार्जन गर्नको लागि प्रोत्सहित गर्छ सुरुवातमा उद्दम समुह गठन गर्न धेरै नै चुनौतीभाग्नु परको अवस्था त्यस गाँउका समाजिक परिचालकले बताउनु भएका यस गाउँमा ११३ घरधुरी मध्ये गारिब तथा अतिगरिबमा ५९ घरधुरी रहेको कुरा **UCPA** को डाटाले बाताए अनुसार ५९ घरधुरी मध्ये १० जनामात्र जसरी तसरी समुहमा बस्न निर्णय लिइकाथिए । १० जना ७ जना मात्र व्यवसाय गरि पैसा अर्जान गर्ने सोच बनाएको थिए । जसमा मसिक वैठक बस्न को लागि वहालाइ बोलाउन जानु पर्ने घर घरमा पटक पटक धाउनु प्रथ्यो बचत गर्ने प्रस्ताव राखे पछि समुह छाडने बैठकमा नआउने जस्ता समस्याहरु झल्नु परेको विस्तारै प्रयास गरि रहदाअहिलले उद्दामीहरु ले मासिक १०० रुपैयाको दरले वचतगर्न थालेको छन् वैठक नियमित आउने गरेको छन् त्यो हेरे गाँउका अरु माहिलहरुले पनि समुहआउनउत्सकितभएकी छिन् र व्यवासाय गर्न खोजिरहेको छिन्, वहाहरु ले उठाएको वचतको पैसा समुहकाअध्यक्ष र कोषाअध्यक्षको निगरानीमा बैंकमाखाता पनि खोली सकेको छ ,।

अहिले यस माया देवीगाँउपालिका ५ सिसहनिया गाउँका जुनगाँउमा महिलाको घरको काममा मात्र समित थिई जना वहा अफै उतसाहि भएइकी छिन ।

## ३०. स्थानिय समितीमा किशोर किशोरीहरु

शुद्धोधन गाँउपालिका वडा नं. ६ सानो कर्मा गाँउ जिल्लाकै पिछाडिएको दलित जाती बाहुल्य भएको गाउँ हो । गाँउमा जानको लागि हुलाक सडक बाट कम्ती मा २ किलो मिटर भित्र जाने कच्ची बाटो रहेको छ, । बाटो पातलो भएकोले बर्षामा यो बाटोमा जताततै हिलैहिलो भएकोले यो बाटो मा हलडुल गर्न धेरै नै कठिनाई झेल्नु परेको अवस्था रहेको छ ।

शिक्षाको दृष्टिकोणले हेर्दा गाँउ पढेलेखेका व्यक्तिहरु सिमित छन । जम्मा ५ जनाको घरमा शौचालय रहेको छ । यस गाँउ परम्परागत खेति तथा ज्याला मजदुरी बाहेक सरकारी निकायमा काम गर्ने व्यक्तिहरु छैनन । खेतीवारी मजदुरी गरि अआफनो जीविका चलाई रहेको अवस्था छ ।

दलित सामाजिक विकास केन्द्र र केएर नेपालको संयुक्त सझेदारीमा संचालित अव मेरो पलो परियोजना अर्न्तगत संचालित किशोर किशोरी समुहको पुजा चाई र सुरेन्द्र पासी बासखोर स्वास्थ्य चौकिको स्वास्थ्य व्यवस्थापन समितीमा सदस्य पदमा बस्न पाएका छन् । जुन गाँउको किशोर किशोरी स्वास्थ्य परिक्षण गराउन पनि स्वास्थ्य कार्यालयमा जादैनथे आज उनीहरु स्वास्थ्य व्यवस्थापन समितीमा सदस्य पदमा बसी रहेका छन र अहिले उनीहरु वेलावेला स्वास्थय परिक्षण गराउने गरेका छन् । स्वास्थय व्यवस्थापन समितीमा बसेको कुरा थाहा पाएर उनीहरुको अभिभावकहरु पनि खुसी भएका छन साथै गाँउका अरु व्यक्तिले पनि स्वास्थ्य व्यवस्थापन समितीमा बसेको कुरा खुशी छन ।



## ३१. सोमडिह भर्ना अभियान




केएर नेपालको सहयोग तथा दलित समाजिक बिकास केन्द्र कपिलबस्तुको सह( जकरणमा अब मेरो पालो कार्यक्रम विगत सन २०१४ देखि यस संस्थाले विभिन्न उद्देश्यमा किशोर किशोरीहरुको लैगिंक तथा उमेरगत विभेद, कुप्रथा, बाल बिवाह न्यूनिकरण व्यवसाय मुलक कार्यक्रमहरु आयोजना गर्दै आइरहेकोछ । यसै गरि यो कार्यक्रम यस कपिलबस्तु जिल्लाको बिभिन्न ८ वटा (बासखोर, बलुहवा, हर्नामपुर, गोटिहवा, सिहोंखोर, सोमडिह, पुरषोत्मपुर, अजिगरा साबिकको गा.बि.स.मा संचालित छ यस गा.बि.स.हरुमा बिभिन्न किशोर किशोरी समुह, अभिभावक समुह, बाल क्लब, **VCPC** तथा **SMC** गठन, गरी कार्यक्रम संचालन गरिरहेको छ । यस समुदाय भित्रका दलित आदीवासी जनजाती अति कमजोर विपन्न व्यक्तिहरुलाई केन्द्र विन्दु मानी यस समुदायमा भएका प्रत्येक त्यस्ता जुन अति गरिबीको रेखा मुनि छन् । उनीहरुको सहभागितामा त्यहा भएका विभिन्न आवश्यकता हेर्दै शिक्षा सब भन्दा महत्वपुर्ण भुमिका रहेको छ यसै सन्दर्भमा विद्यालय भर्नाको लागि सोमडिह गाविसका किशोरीहरु यहि बैसाख २ गते देखि जेठ ७ गते सम्मा विद्यालय भर्ना अभियान कार्यक्रम गर्न गईहरेको किशोरीको सशक्तिकरण गर्नको लागि सब भन्दा पहिला शिक्षामा पहुच हुन जरुरी छ किशोरीहले भनेका छन् सोमडिह गाँउका किशोरीहरुले विद्यालय भर्नाको लागि रैली कार्यक्रम गर्न लाई बैसाख ३ गते ६ वटा वडा को विद्यालय सित मिटिगं बसि छलफल गरेको जसमा विद्यालयहरु श्री बच्चलाल प्रा.वि मरजादपुर,.श्री गौतमबुद्ध प्रा.वि.सुल्तानवापुर, श्री जगान्ननाथ प्रा.वि.कोपवा ,श्री अधारभुत सिद्धार्थ प्रा.वि. इटवा,श्री अहल्ले सुन्नता हैजुल उल्लुल सुल्तानवापुर,श्री हजविया अहल सुन्नत महजुल्ला उलुम इटवा ६ वटा विद्यालय सित सोमडिहका किशोरी इन्द्रावती पासी, रन्जु मोर्या , सुमित्रा मोर्या, अरविन्द मोर्या, सुनिल पासी ले अगुवाई गरेको रैली गर्ने योजना बनाइयो, र बैसाख १० गते वडा स्तरिय रैली कार्यक्रम सबै ६ वटै विद्यँलय का शिक्षक अभिभावक किशोरकिशोरी मिली कम्ती मा ५०० सहभागीहरुको संख्यामा किशोरी समुहका अगुवाईमा यशोधरा गाँउपालिकाका कोपवा, सोमडिह, बेल्सापुर, मर्यादपुर, इटवा, र सुल्तानवापुर बजा बजाउदै नाराका साथ रेली गरेको थियो

यो रैलीले गर्दा अभिभावकहरुमा धेरै प्रभाव परेको छ, जसको निष्कर्श श्री बच्चलाल प्रा.वि मरजादपुर,.श्री गौतमबुद्ध प्रा.वि.सुल्तानवापुर, श्री जगान्ननाथ प्रा.वि.कोपवा, श्री अधारभुत सिद्धार्थ प्रा.वि. इटवा, श्री अहल्ले सुन्नता हैजुल उल्लुल सुल्तानवापुर, श्री हजविया अहल सुन्नत महजुल्ला उलुम इटवा यी ६ वटा विद्यालयमा २२४ जना बालबालिकाहरुको भर्ना भएको छन् ।

## ३२. भलिबल प्रतियोगितामा नम्बर १ किशोरीहरू

केएर नेपालको सहयोग तथा दलित समाजिक बिकास केन्द्र कपिलबस्तुको सहजिकरणमा अब मेरो पालो कार्यक्रम सन २०१४ देखि संचालनमा रहेको छ । संस्थाले विभिन्न उद्देश्यमा किशोर किशोरीहरुको लैगिंक तथा उमेरगत विभेद, कुप्रथा, बाल बिवाह न्यूनिकरण व्यवसाय मुलक कार्यक्रमहरु आयोजना गर्दै आइरहेकोछ । यसै गरि यो कार्यक्रम यस कपिलबस्तु जिल लाको बिभिन्न ८ वटा (बासखोर, बलुहवा, हर्नामपुर, गोटिहवा, सिहंखोर, सोमडिह, पुरषोत्मपुर, अजिगरा) साबिकको गा.बि.सहरु.मा संचालित छ । यी स्थानहरुमा बिभिन्न किशोर किशोरी समुह, अभिभावक समुह, बाल क्लब, **VCPC** तथा **SMC** गठन, गरी कार्यक्रम संचालन गरिरहे को छ । कार्यक्रमले समुदाय भित्रका दलित आदीवासी जनजाती अति कमजोर विपन्न व्यक्तिह( रुलाई लक्षित गरेको छ । उनीहरुको सहभागितामा त्यहां भएका विभिन्न आवश्यकता हेर्दै समान सहभागितात्मक भावनाको विकास गर्न तथा किशोर किशोरीहरुको शारिरिक, सामाजिक, शैक्षिक तथा सम्बेगातमक बिकासको लागि परियोजनाले किशोरी किशोरी बीच भलिबल प्रतियोगति आयोजना गरिएको थियो । मिती २०७५।२।४ गतेका दिन दलित सामाजिक विकाश केन्द्रको आयोजना र किशोरीहरुको अगुवाईमा तीन वटा कलस्टरहरुमा भलिबल प्रतियोगिता भएको थियो । सोमाडिह सिहोखोर र गोटिहवाकालाई एक कलस्टरमा प्रतियोगिता सम्पन्न गरिएको थियो । अभ्यासको कममा सोमडिहका किशोरी खेलाडीहरु सिहोखोरका किशोरी खेलाडी सित हारे पनि अर्को दिन कलस्टर स्तरिय भलिबल खेलमा प्रथम भए । यसत्रममा सोमडिहका किशोरीहरुको मनोबल बढ्यो र प्रतिस्प्रधा गर्नको लागि अझै बढी अभ्यास गर्न थाले । मिती २०७३।२।१२ गतेको दिन यशोधरा माध्यमिक विद्यालय तौलिहवामा जिल्ला स्तरिय भलिबल प्रतियोगिता कार्याक्रममा भलिबल खेलमा ८ वटा स्थानहरुमा सोमडिह टिम प्रथम भयो । सोमडिहका किशोरी जितेको हेरेर सोमडिहका अभिभावकहरु धेरै खुसी भए । अभिभावकहरु "आज राम्रो सोमडिहको गााउको सबैको इज्ज्त भढ्यो " भन्दै हास्न थाले । जुन अभिभावकले खेलहरु किशोरले मात्रै खेल्लु पर्छ भन्ने मन्यात राखेका थिए, त्यहि अभिभावहरु किशोरीहरु जित्दा खुसी भएका थिए । उनीहरुले हामी अब किशोरीहरुलाई सहयोग गर्छौं भनिरहेको छन् ।


nagariknews.com
Sunday 27 May 2018

# कुरीति हटाउन भलिबल प्रतियोगिता



## ३३. कुशलावतीको कुशलता

**नाम** : कुश्लावति प्रजापति (कोहार)
**उमेर** : ३८ वर्ष
**समुहको नाम** : ज्योति लघु उधमी समुह
**ठेगाना** : कृष्णनगर न.पा. ७ अजिगरा
**परिवार सख्या** : ३ महिला, ४ पुरुष
**लगानि शिर्षक** : चिया पसल
**लगानि रकम** : २००००



कुश्लावति प्रजापति (कोहार) मधेसी जो हुन एक बिपन्न र पिछडा बर्ग परिवारकी महिला । आफनो सम्पतीको नाममा समान्यबास बस्ने घर र १० कट्ठा खेत मात्र रहेको छ। उहाको घरमा ससुरा, श्रीमान, २ छोरा र २ छोरीका साथमा बस्दै आएकी छन् । उनको परम्परागत पेशा माटोको भाडा बनाउने र सामान्य परम्परागत कृषि खेति गर्दै आएकी थिइन् । घरको खर्च चलाउन समेत धौ धौ भए पछी उनका श्रीमान भारतको एक कम्पनिमा काम गर्न गए र उक्त कम्पनिमा काम गर्दा दुर्घटना परी आधा हात समेत गुमाउनु पर्यो (अपाङ्ग ।

सन २०१७ जुनमा केयर नेपाल र दलित समाजिक बिकास केन्द्रको साझेदारी मा किशोरी, किशोर तथा महिला सशक्तिकरण कार्यक्रम संचालन भयो र उनि ज्योति लघु उद्यमी समुह गठन भइ उनि उक्त समुहको सदस्य भइन । ज्योति लघु उद्यमी समुहमा बसेर उनले ज्ञान मुलक तथा जीवनउपयोगी शिक्षा लिइ हाल हस्ताक्षर सम्म गर्न सक्ने र आफनो चेतना र क्षमता दुबैमा परिर्वतन आएको कुरा उनि बताउ छिन । यस लघु उधमी समुहमा आबद्व भए पश्चात विभिन्न कार्यक्रम ,गोष्टी तथा क्षमता अभिबृद्धि कार्यक्रममा भाग लिन पाएको समेत उनि बताउछिन् ।

यस दलित सामाजिक बिकास केन्द्रको सहयोग बाट ज्योति लघु उधमी समुह गठन भई समुह बाट वार्षिक ६ प्रतिसतका दरले रु १५००० ऋण लिई चिया पसल सञ्चालन गरीन् । उक्त पैसा बाट चिया पसल लाई आवश्यक भौतिक सामाग्रीहरु किनिन् ( ग्यास, भाडाकुडा ) र आफुले पनि रु ५००० स्वयम लगानि लगाई चिया पसल सञ्चालनमा ल्यायकी छन् । हाल उनको पसल बाट मासिक रु १५००० आम्दानि हुने गरको उनि बताउछीन् । उनि नियमित मासिक बैठकमा सहभागी हुन्छिन् र समुहमा रु २० का दरले मासिक बचत समेत गर्छीन् । चिया पसल सञ्चालन पश्चात घर खर्च र छोरा छोरीलाई पढाउन समेत सहज भएको कुरा समेत उनि बताउछीन् । यस कार्यक्रम लागु भए यता आफ्नो घर परिवारमा निकै खुसियालि आएको र समाजले समेत हौसला प्रदान गरीरहेको छ र दुबै श्रीमान श्रीमति मिलेर पसल चलाइ रहेको र घर परिवारमा समेत विश्वास बढ्दै गएको समेत उनले बताइन् ।

## उपचार पश्चात् रमाउँदै बिद्यालय गएका छन् प्रदिप

**नाम**ः प्रदिप यादव
**ठेगाना**ः यशोधरा गाउँपालिका वार्ड नम्बर ७ सेमरी

कपिलबस्तु जिल्लाको यशोधरा गाउँपालिका वार्डः ५ बस्ने श्री कमलेस यादवको छोरा प्रदिप यादव बर्ष ७ का छन् ।उनको घरमा ६ जना परिवार रहेका छन् । ६ जना परिवार मध्ये २ जना पुरुष ४जना महिला बस्ने गरेका छन् । उनी नर्सरी कक्षाका पढछन् ।

उनलाई २बर्षको उमेरमा ज्वरो आएपछि बाल पक्षघात भई दहिने हात बाँयाखुट्टामा समस्या भएको थियो । उनलाई ज्वरो आउदा मेडिकल कलेज भैरहवामा उपचार गराउँदा गराउँदा सेरे बल पलसी भयो । त्यसपछि घरपरिवारले धामि झक्री गराइ सुधार हुन्छ भन्ने विश्वासमा रहेका थिए तर बिद्यालय जनाबाट पनि बन्चित थिए प्रदिप

दलित सामाजिक बिकास केन्द्रद्वारा संचालित समाबेशी बिकासको लागि समुदायमा आधारित पूर्नस्थापना परियोजनाको सामाजिक परिचालक वार्ड स्तरीय अपाङ्गता समिति बैठक गराउँन जाँदा उनको ठूली आमासँग भेट भयो। उनको ठूली आमा समस्या बताउँदा प्रदिपलाई ल्याउँन अनुरोध गरेपछि शारीरिक जाँच फिजियो थेरापी सेवा आवस्यकता भएको देखिएको हुदाँ सिकाएपछि एच, आर,डी, सी बनेपा पठाइएको थियो । उसको खुट्टाको सल्यक्रिया गरी खुट्टाको पुरै पैतला टेक्ने सक्ने बनाएको महिना फिजियो सेवा बिशेष खालको जुत्ता निर्माण उसलाई घरमा पठाउने भयो । घरमा आएपछि एक बर्ष सम्मा आफ्नो गाउँ टोलमा आफ्नो देउतरीका बालवालिकासँग घुमफिर गर्न थाल्यो । प्रदिपले बिद्यालय जना नमनेको आवस्थमा थियो । हामी दलित सामाजिक बिकास केन्द्रबाट शैक्षिक समाग्री सहयोग पाएपछि प्रदिप बिद्यालय निरन्तर गएका छन् ।

प्रदिपको आमाले छोरीहरुले बिद्यालय गएको तर छोरा बिद्यालय नगएकोले चिन्ता ब्यक्त गर्नु भएको थियो आज भोली खुसी हुनु भएको छ । किन कि छोरा अपाङ्गता थियो त्यसकारण म चिन्तित थिए तर अब मेरो छोरा बिद्यालय गइरहेको देखेर खुसी छु । दलित सामाजिक बिकास केन्द्रलाई धन्याबाद छ ।

**तयार कर्ता**
**जीत नारायण अहिर**
कार्यक्रम संयोजक सी . बी. आर

**राजाराम बढई**
यशोधरा गाउँपालिका वार्ड नम्बर ६ भैसहिया

कपिलबस्तु जिल्ला यशोधरा गाउँपालिका वार्ड न.६ बस्ने राजाराम बढईको छोरा राधेश्याम बढई बर्ष ४०का रहेका छन । उहाँ माध्यम बर्गीय परिवारको सदस्य हुन । उनको परिवारमा १५ जना परिवार माध्ये ९जना पुरुष ६जना महिला रहेका छन् । उहाँको परिवारको आर्थिक आवस्था दयानिय रहेको छ । उनको परिवारको गुजारा घरको खेती पतीबाट नचालेको हुनाले भारतको मुम्बाई शहारमा काम गर्न गएको बेला छतबाट खसेपछि उहाको मेरुदण्ड भचिएको हुँदा भारतको बिभिन्न अस्पातलमा उपचार गराउँदा डक्टरको प्रतिबेदन अनुसार उहाँको मेरुदण्ड आंशिक रुपमा भचिएको थियो । त्यसपछि उहाँ अपाङ्गता हुना पुग्नु भयो । अपाङ्गता भएपछि हिनता बोध भएको थियो । अपाङ्गता हुँदा सामाजले गरिने ब्यवहार हेर्ने दृष्टि नकारात्मक भयो ।

दलित सामाजिक बिकास केन्द्र द्धारा संचालित समाबेशी बिकासको लागि समुदायमा आ( धारित पुर्नस्थापना परियोजना अर्न्तगत यशोधरा ६ भैसहियामा अपाङ्गता भएका ब्यक्तिहरुको समूह गठन गर्नको लागि भेलामा भेट भएको थियो । उहाँको अपाङ्गता परिचय पत्रको महत्व बारे जानकारी दिएपछि उत्प्रेरित भएका थिए । अपाङ्गता परिचय पत्र निर्माणको लागि पहल गरी निर्माण गराएको छौ । वार्ड कार्यालयबाट महिनाको रु ६००।प्राप्त गर्नु भएको छ । साथै उहाँको परिवरिक स्थिति कमजोर रहेको हुनाले आय आर्जनको लागि सहयोग पाएपछि उहाँको परिवारमा मान सम्मान तथा सामाजिक सहभागितामा बृद्धि भएको छ ।

त्यसकारण अपाङ्गता भएको ब्यक्तिले अवसर पाएपछि जे जस्तो अवस्था भएपनि वातवरण पाएपछि काम सक्ने छन् । अहिले सकारात्मक भएको हुँदा मेरो जीबिकोपार्जनमा सुधार भएको हुनाले म खुसी छु । दलित सामाजिक बिकास केन्द्रलाई धन्याबाद छ ।

**तयार कर्ता**
**शालिनी भट्ट**
सामाजिक परिचालक
सी.बी. आर



**ज्ञानमती यादव**
यशोधरा गाउँपालिका वार्ड नं.-६ कडजहवा

कपिलबस्तु जिल्लाको यशोधरा गाउपालिका वार्ड न.- ६ मा बस्ने शिव पुजन यादवको छोरी ज्ञानमती यादव को घरमा १० जना परिवार रहेका छन् । त्यस मध्ये महिला ५ जना र पुरुष ५ जना छन् । उहाँको दैनिक क्रियाकलापमा गर्नको लागि निकै कठिनाइ रहेको छ ।

उनको परिवारले भारतको बिभिन्न अस्पातलमा औषधी उपचार गराउँदा सुधार नभएको हुनाले उनको परिवारले उनलाई घरबाट बहिर निकाल्न नखोजेको उनी एउटा बहु अपाङ्गताका भएका महिला हुन । शारिरीक रुपले हिलडुल गर्न सक्नु हुन्न उहाँको अपाङ्गता परिचय पत्र पनि बनेको थिएन् । पूर्व सामाजिक परिचालक शिव कुमारी गुप्ताले घरदैलो कार्यक्रम गर्दा उहाँसग भेट भएको थियो ।

दलित सामाजिक बिकास केन्द्र द्धारा संचालित समाबेशी बिकासको लागि समुदायमा आ( धारित पूर्नस्थापना परियोजना अर्न्तगत बिभिन्न चरणमा भेटघाट गरी अपाङ्गता परिचय पत्र बनाउँनको छलफल गर्ने उहाँको परिवारलाई तालिम गोष्ठीमा सहभागि गराइ सचेत गराउने काम गरका छौ । त्यस पाश्चत् उहाँको परिवार र दलित सामाजिक बिकास केन्द्रबाट संचालित सी.बी.आर परियोजनाको सहयोगमा २०७४ सालमा परिचय पत्र महिला बिकास कार्यालय तौ

लिहवाबाट प्राप्त गरी बिगत एक बर्ष देखि स.सु.भत्ता पाइरहेकी छिन् । उहाँको नाममा बैंक खाता पनि परिवारले खोलेको छ । त्यसपछि उहाँलाई घरबाट बहिर लैजानको कठिनाई थियो भने उहाँलाई हामीले पेट कार्ड उपलब्ध गराएको थियौ । पेट कार्ड पाएपछि उहाँले आफ्नो । परिवार को सहयोगमा बिभिन्न समूहको बैठकमा सहभागि हुने तालिममा सहभागि भई रहनु भएको छ ।

ज्ञानमतीको बुवा शिव पुजन यादवले दलित सामाजिक बिकास केन्द्रले समुदायमा रहेका अपाङ्गता भएको ब्यक्ति सहयोग गरेकोमा सी. बी.आर परियोजनामा काम गर्ने कर्मचारीहरुलाई धन्याबाद दिन्छु ।

**तयार कर्ता**
**शालिनी भट्ट**
सामाजिक परिचालक
सी.बी.आर परियोजना

**जहिरुन इस्लाम**
यशोधरा गाउँपालिका वार्ड नः४ पोखराभिटवा

कपिलबस्तु जिल्ला यशोधरा गाउँपालिका वार्ड नः ४ मा बस्ने अब्दूलकलाम मियाको नाति जहिरुन इस्लाम एउटा शारिरीक अपाङ्गता भएको बालवालिका हुन उनको घरमा १५ जना परि वार रहेका छन् । जस मध्ये महिला ६ जना र ९जना पुरुष छन् । उनको परिवारको मूख्य पेशा कृषि हो । उनी बर्ष ७ का छन्

जहिरुन इस्लाम शारिरीक रुपमा अपाङ्गता भएका बालवालिका हुन । उनी जन्मजात रुपमा अपाङ्गता छन् । उनका परिवारले बताएका छन् कि हाम्रो बाच्चाको आवस्था बारे जानकारी पाए अनुसार त्यो बालक सी .पी भएको बालवालिका हो । उसको मूख्य समस्या हिलडुल गर्न रहेको छ भने बोल्न पनि सक्दैनन् । उनी बिद्यालय पनि गाइरहेका छैनन् । उसको अपाङ्गता परि चय पत्र थिएन ।

दलित सामाजिक बिकास केन्द्र द्वारा संचालित समाबेशी बिकासको लागि समुदायमा आ( धारित पूर्नस्थापना परियोजना अर्न्तगत उनकापरिवारसँग भेटघाट गर्दा अपाङ्गता परिचय पत्रको महत्व बारे जानकारी गरएपछि परिचय पत्र निर्माण गरी महिनाको रु ६०० भत्ता पाइरहेका छन् । उनलाई एच .आर.डी. सी बुटवल शाखामा प्राथमिक पूर्नस्थापना चिकित्सा सिकाइ सकेपछि उनलाईबिशेष प्रकारको जुत्ता बनाएपछि वाकरको सहयोगमा हिलडुल गर्न थालेका छन् । दैनिक रुपमा ब्याम उनको परिवारले अहिले पनि फिजियो थेरापी गराइ रहेका छन्। त्यस पाश्चत उनको जीवनमा सुधार भएको छ ।

दलित सामाजिक बिकास केन्द्रको सहयोगमा मेरो बाच्चाको पहिलाको आवस्था भन्दा अहिले सुधार भएकोले हामी खुसी छौं । सी.बी.आर काम गर्ने सम्पूर्ण कर्मचारीहरुलाई धन्याबाद छ ।

**तयार कर्ता**
**शालिनी भट्ट**
सामाजिक परिचालक
सी. बी. आर .परियोजना



**शिव प्रसाद मिश्रा**
यशोधरा गाउँपालिका वार्ड नः ५ मुडिला

कपिलबस्तु जिल्ला यशोधरा गाउँपालिका वार्ड नः ५ मा बस्ने तिरथ मिश्राको छोरा शिव प्रसाद मिश्रा बर्ष ४० रहेका छन् । उनको घरमा ७ जना परिवार रहेका छन् । जस मध्ये ४ जना महिला र ३ जना पुरुष रहेका छन् । उनको मूख्य पेशा कृषि हो ।

शिव प्रसाद मिश्रा एउटा शारीरिक अपाङ्गता भएको ब्यक्ति हो । उहाँ ७ बर्ष उमेरमा दुर्घटनामा पारी अपाङ्गता हुनु भएको थियो । जसकारण घर परिवार तथा समाजबाट अपहेलित हुना पुग्नु भयो । बाहुन को भए तापनि उहाँबाट पुजा नगराउने तथा तालिम गोष्ठी सामाजिक क्रियाकालपमा सहभागितामा अबरोध भएको थियो । उहाँको आर्थिक आवस्था कमजोर रहेको थियो ।

दलित सामाजिक बिकास केन्द्र द्वारा संचालित समाबेशी बिकासको लागि समुदायमा आ( धारित पुर्नस्थापना परियोजना अर्न्तगत शिव प्रसाद मिश्रा सँग यशोधरा गाउँपालिका अपाङ्गता समिति गठन गर्नको लागि भेला कार्यक्रम भेट भएको थियो । उहाँलाई अपाङ्गता समितिको सचि( वको रुपमा निर्वाचित हुनु भयो । त्यसपछि उनी समूह संस्था परिचालन क्षमता अभिबृद्धि तालिम लिएका पछि आफ्नो हक अधिकारको बारेमा जानकारी पाएपछि समुहको अगुवाइ गरी बिभिन्न सरकारी गैर सरकारी स्तरमा बजेट माग गरि कार्यक्रम बनाउने कार्यक्रम संचालन गर्न सिके का छन् । त्यसपछि सामाजिक सहभागितामा बृद्धि भएको छ । बिगत एक पछाडि आय आर्जनमा सहयोग पाएपछि उनको जीवन स्तरमा सुधार भएपछि उहाँको परिवारमा खुसी देखिएको छन्

शिव प्रसाद मिश्रा यस दलित सामाजिक बिकासबाट संचालित समाबेशी बिकासको लागि समुदायमा आधारित पूर्नस्थापना परियोजना लागु भएपछि मलाई समाजको हरेक क्रियाकलापमा सहभागिता बढेको छ । मेरो समाजमा मान सम्मान साथै पुजा गराउनाको लागि मलाई बोलाइ रहेको हुँदा म दलित सामाजिक बिकास केन्द्रलाई धन्याबाद दिन्छु ।

**तयार कर्ता**
**जीत नारायण अहिर**
कार्यक्रम संयोजक सी.बी.आर

**स्वास्थ्य चौकी  सुल्तनावपुर**

यशोधरा गाउँपालिका वार्ड नं.-७ सोमडिह

कपिलबस्तु जिल्ला यशोधरा गाउंपालिका वार्ड नः ७ मा पर्ने स्वास्थ्य  चौकी रहेको छ। जसमा ६ जना कर्मचारी रहेका छन्। जस मध्ये ४ जना पुरुष  २ जना महिला रहेका छन्। बिगत २ बर्ष भयो दिशा मुक्त वार्ड घोषण भएको भएछ  तर त्यसमा शौचालय नभएको आवस्था छ।

सुल्तनावपुर स्वास्थ्य चौकीमा अपाङ्गता मैत्री भवन नभएको हुदा जेष्ठ नगरिक गर्भवती महिला ब्हील चेयर प्रयोग कर्ता भएको ब्यक्तिहरुलाई सहज नभएको हुनाले शौचालय तथा खाने पानी नहुदा निकै गाहो भएको थियो दलित सामाजिक बिकास केन्द्र द्धारा संचालित समाबेशी बिकासको लागि समुदायमा आधारित पुर्नस्थापना अर्न्तगत स्वास्थ्य चौकीमा खाने पानी तथा शौचालय निर्माणको लागि स्वास्थ्य चौकीको कर्मचारीहरु तथा वार्ड कार्यालय दलित सामाजिक बिकास कन्द्र बीच सयुक्त रुपमा बैठक बसी त्यो प्रस्तवा माथी छलफल गर्दा वार्ड कार्यालयले रु ११००००। अक्षररुपी एक लाख दश हजार मात्र  सहयोग गयो र दलित सामाजिक बिकास केन्द्रबाट १५००००। एक लाख पचास हजार मात्र दुबै संस्थाको सहयोगमा शौचालय तथा सुरक्षित खाने पानी खाना पाएपछि त्यस वार्डका जनता हर्षित भएका छन्।

यशोधरा गाउँपालिका वार्ड नः ७ को वार्ड अध्याक्ष चन्द्र प्रकाश दुबे दलित सामाजिक बिकास केन्द्र द्धारा संचालित समाबेशी बिकासको लागि समुदायमा आधारित पुर्नस्थापना परियोजनाको कर्मचारी तथा त्यस संस्थाका पदाधिकारीहरुलाई धन्याबाद दिना चहान्छु। त्यसै गरी स्वास्थ्य चौकीको प्रमूख लक्ष्मी नारायण मण्डलले वार्ड कार्यालयका अध्याक्ष दलित सामाजिक बिकास संस्थाको परिवारलाई हामी सम्पूर्ण कर्मचारीले धन्याबाद दिन्छौ।

**तयार कर्ता**
**जीत नारायण अहिर**
कार्यक्रम संयोजक
समाबेशी बिकासको लागि समुदायमा आधारित पुर्नस्थापना परियोजना



**याङमा पशुपति**



नामः पशुपती हरिजन
उमेरः १८ वर्ष
पडाईः कक्षा १०
आमा : रमावती हरिजन
बुवाः रामशरन हरिजन
भाई : गणेशपति हरिजन

शुद्धोधन गाँउपालिका वडा नं. ६ सानोकर्मा गाँउजिल्लाकै पिछाडिएको दलित जातीका व्यक्तिहरु बसोबास गरिदै आएको बस्ती हो। यस गाँउमा जानको लागि सडक बाट कम्तीमा २ किलो मिटर भित्र जाने कच्ची बाटो रहेको छ। कच्ची ,पातलो बाटो भएकोले पानी परेको बेला यो बाटो जताततै हिलैहिलो भएकोले यो बाटोमा हिडडुल गर्न धेरै नै कठिनाई भ्mेल्नु परेको अवस्था रहेको थियो। शिक्षाको दृष्टिकोणले हेर्दा गाँउमा पढेलेखेका किशोरीहरु कमै छन। यौन तथा प्रजनन स्वास्थ्यबारे कसैले  न त कुरा गर्थे नत कसैकलाई यी कुरा गर्न छुट दिइएको थियो। किशोरीहरु पहिला महिनावारी हुँदा फोहोर कपडा प्रयोग गर्ने गर्थे। महिनावारीको बारेमा कसैले पनि कुरा गर्दैनथे। किशोरीहरुलाई महिनावारी भएको बेलामा विभिन्न किसिमका बन्देजहरु लगाइएको थियो। किशोरीहरु महिनावारी भएको बेला न मिठो खाने कुरा खाना पाउँथे न त भन्सा घरमा पस्न पाउँथे। किशोरीहरुले प्रयोग गर्ने कपडा घाममा सुकाउन पनि पाउदैनथे। उनीहरुले महिनावारी भएको बेलामा प्रयोग गरेको कपडा लुकाएर सुकाउनु पर्थ्यो।

जब देखि किशोरीकिशोरहरु समुह छलफलमा आउन थाले र  समुह छलफलमा हुने यौन तथा प्रजनन स्वाथ्यबारे छलफल र विभिन्न किसिमका यौन तथा प्रजनन स्वास्थ्य र महिनावारी बारे कुराहरु गर्न थाले  त्यस बेला देखि कशोरीहरुले महिनावारी बारे रहेको मिथ्याहरु परिवर्तन गर्न शुरुगरे। यसै गरि किशोरहरु पनि समुह छलफल आएर विस्तारै आफूमा परिवर्तन गर्न थाले। पहिला किशोरीहरुको कुरालाई लिएर खिसी गर्ने गर्थे। महिनावारीको कुराहरु हासो ठटटाको रुपमा लिन्थे। “यो हामीलाई चाहिने विषय होइन , हामी यस्तो छलफलमा जादैनौं ” भनेर भन्थे। विस्तारै यौन तथा प्रजनन स्वाथ्य र महिनावारीको बारे छलफल हुँदा किशोरहरु पनि यस्तो विषयहरुमा सम्वेनशील हुन थाले। सेनटरी पैडको तालिम हुँदा दुई जनाकिशोरहरु, पशुपती हरिजन र सुरेन्द्र हरिजनले आफूहरु पनि सेनेटरी पैड बनाउन सिक्छौं भन्दा अरु किशोरहरु उनीहरुको खिसी उडाउन थाले र जि स्काउन थाले। तर उनीहरुको कुराहलाई वेवास्ता गरि पशुपति र सुरेन्द्रले यो एकमद सम्वेनशील विषयको रुमपमा लिए। उनीहरुको विचारमा, महिनावारी हुँदा आमा दीदी बहिनीहरुहरुलाई धेरै समस्याभ्mेल्नु पर्छ , सफा कपडा प्रयोग गरेनन भने विभिन्न किसिमका रोगहरु लाग्न सक्छ भन्ने कुरा बुभ्mेका थिए। “ सेनेटरी पैड बनाउन सिकि सकेपछि अफनो आमा र दिदिबहिनीहरुलाई पनि सिकान्छौ ” भन्ने कुरा छलफलमा ल्याए। उनीहरु त्यस पछि किशोर पुशुपति हरिजनले बासखोरको कर्मा गाँउमा सेनेटरी पैड बनाउने तालिमको योजना गरे। आमा र किशोरीहरुको लागि उनीगाँउमा किशोरी आमाहरुलाई महिनावारी हुँदा ध्यानदिनु पर्ने कुराको बारेमा अभिमुखिकरण गरे। सेनेटरी पैड कसरी बनाउने

र प्रयोग गर्ने वारे जानकारी गराए । पशुपति हरिजन अहिले १८ वर्षका छन्  उनी कक्षा १०मा अध्ययरत छन् र आफ्नो आमालाई र घरपरिवारको महिला सदस्यहरुलाई सेनेटरी पैड बनाउन सिकाएका छन ।  उनले आफ्नो बालविवाह ३ पटक देखि रोक्दै आएका छन । पशुपति आफनो गाउँका किशोरीहरु महिनावारी हुँदा आएके समस्याहरु बारे खुलेर कुरा गर्न सक्छन ।  यो समस्या समाधानको लागिपशुपतिले किशोरीहरुलाई सहयोग गर्छन । अहिले पशुपतिले भन्छन् “मलाई महिनावारी बारे कुरागर्न वा सेनेटरी पैड बनाउन लाजलाग्दैन , म अरु किशोर किशोरीहरुलाई पनि यसको बारे  जानकारी गराउँछु र जो सेनेटरी पैड  सिकाउन्छु ।” यसमा अभिभावकहरुले पनि पशुपतिको सहयोग गर्नु हुन्छ र पुशुपतिको आमा रमावती हरिजन ज्युले भन्नु हुन्छ मेरो छोरा धेरै राम्रो काम गरिरहेको छ । अहिले पशुपतिले सेनेटरी पैड बनाउने तालिमा दख्खल भएका छन र अन्य संघ संस्थाका सहभागीहरुलाई पनि यसवारे सिकाउन थालेका छन ।

## इन्द्रावतीको ईच्छा

कपिलबस्तु जिल्लाको सदरमुकाम तौलिहवा देखि १२ कि.मि. दक्षिण भारत सिमाना सगँ जो डिएको यसोधरा गाँऊपालिकाको वडा न ७ वेल्सापुरमा बस्ने बर्ष १८ को ईन्द्रवतीपासीको घर मा आमा मान्ती पासी, एक दाईस सेसरामपासी,चार जनादिदिबहिनी,भाउजु र दाई,भाउजुको दुई जना छोरीहरु गरी जम्मा सातजनाको परिवार संगै एकै छाना मुनिबसोबास गर्दै आएकी छिन्। इन्द्रवतीको दुई जना ठूलो दिदिहरुको विवाह भइसकेको छ । इन्द्रवती अति नै गरिब परिवारमा जन्मेकी हुन् । उनी नेपाल सरकारको जनता अवास कार्यक्रमबाट टीनको छाना बनाइदिएको  घर मा बसिरहेकि छिन् । पानीपरिरहेको बेला त्यो घरमा पानीचुहिरहन्छ जसले गर्दा बरसातमा घर मा बस्न गाह्रो हुन्छ ।





२०७३ सालमा बेल्सापुर गाँउमा ठूलो बाढी आएको थियो । जसमाइन्द्रवतीको वुवा श्री तिरथर ाम पासीको बाढीमा डुबेर मृत्यु भयो । आमा श्री मान्ती पासी अभिभावक समुहको सदस्य हुनुहुन्छ वहाँको स्वास्थ्य स्थिती ठिक रहदैन् ।इन्द्रवतीको घरको आर्थिक स्थिती अति नै दयनीय छ । इन्द्र( वतीको ठूलो दाई श्री सेसरामपासी ज्याला मजदुरी गरि परिवारको जिवीकाचलाई रहनु भएको छ ।



यस समुदायको सशक्तिकरणका लागी सन् २०१५ मा दलित सामाजिक विकास केन्द्र कपि( लबस्तु र केएर नेपालको संयुक्त साझेदारीमा संचालित अब मेरो पालो परियोजनाले किशोर किशोरीको समुह गठन गरि विभिन्न सचेतनामूलककार्यक्रमहरु गतिविधीहरु (छलफल ,खेल, गीत सडक नाटक, अन्तरक्रिया, दिवसीयकार्यक्रम,प्रतियोगिता) संचालन गर्यो । कार्यक्रमबाट संचालित किशोरी समुहमा इन्द्रवती पनि समुह छलफलमा आउनथलिन र समुह छलफलबाट  उनको विस्तारै शीपमा निखार आउँदै गयो। उनी समुहछलफल मात्र नभएर बिभिन्नकार्यक्रमहरुमा भाग लिन थालिन । यसरी इन्द्रवतीको सफलताका पाइलाहरु अगाडी बढन थाल्यो । उनी पढाईमा निर न्तरता दिन थालिन । उनी श्री जगन्ननाथ निमाविबभनीमा कक्षा ६ पढिरहेकी थिइन । एक दिन उनी माथी पहाड खासे झै भयो, जब आफ्नो पढाई छाडनु पर्छ, भन्ने कुरा सनिन् । “इन्द्रवती अव मितीले पढाई छाडनु पर्छ  यति पढे पछि भयो ,अव म पढाउन सक्दैन किननी मेरो कमाईले परिवारको जिविकाचलाउनपनि गाह्रो भईहरेको छ,” ,इन्द्रवतीको दाईले भन्नु भयो ।  इन्द्रवतीले समुह छलफलमा यो कुरा भनिन । “म अगाडी सम्म पढ्न चाहिरहेको छु तर मेरो दाई अब पढा( उन सक्दिन भन्नु भएको छ,” इन्द्रवतीले भनिन । त्यो सुनेर त्यो गाँउको सामाजिक परिचालक र केहि शिक्षकहरु मिलीइन्द्रवतीको दाईलाई सम्झाउनु भयो ।   इन्द्रवतीले पनि अ फ्नो दाईलाई संस्थाबाट पाएको छात्रवृत्तिको रमकको  रु १०,००० पनि छ जुन मेरो पढाईमा खर्च  गर्छु भनेर भनिन् । इन्द्रवतीले आफ्नो पढाईमा आएको बाधा अडचन लाई हटाउन सफल भइन् ।  यसरी उनी नियमित समुह छलफलमा आउन थालिन  र उनी श्री लक्ष्मीकिशोरी समुहको संयोजक भई समुहमा सक्रिय रुपमा सहभागी हुन थालिन । यसरी उनी आफनो प्रयासलाई निरन्तरता दिन थालिन  र नियमित समुहमा आउने र समहुमा मात्र नभएर अन्य क्रियाकलापहरुमा सहभागी हुन थालिन । विद्यालयमा  अन्य क्रियाक्लापहरुमा सहभागी हुन थालिन र विस्तारै उनी कार्यक्रमहरुको अगुवाई गर्न थालिन । अन्य क्रियाक्लापहरुमा  गाविस भित्र र  जिल्लाको कार्यक्रमहरु संचालन गर्न थालिन र विभिन्न तालिम गोष्ठीहरुमा पनि सहभागी हुन थालिन । दलित सामाजिक विकाश के न्द्र र रेडियो कपिलवस्तुको आयोजनामा संचालित पाँच दिने किशोरी रेडियो पत्रकारिता तालिममा भाग लिने मौका पाइन् । तालिम पश्चात उनले पाएको  शीप आफनो समुहको अरु किशोर ीहरुलाई  पनि सिकाउन थालिन् । अहिले उनी गाँउमा भएका विभिन्न  सामाजिक विभेद, कुरि ती,अन्धविश्वास  तथा कुसंस्कार संग सम्बन्धीत क्रियाक्लापको रिर्पोट बनाउने, कथा समाचारहरु लेख्ने अर्न्तवर्ताहरु लिने गर्दै आइरहेकि छिन । यसै क्रममा समाचार, कथा  र अर्न्तवार्ताहरु लिने कुरामा इन्द्रवती पनि चर्चामा आउनु भयो । गाविसको  अरु किशोरीहरु संग मिलेर  उनी रेडियो कपिलवस्तु मार्फत कपिलवस्तु जिल्लाका जिल्लाप्रहरी निरिक्षक नरेन्द्र के.सी र  जिल्ला शिक्षाअ( धकारी सित बाल विवाह तथा शिक्षा सम्बन्धी कानूनका विषयमा अर्न्तवार्ता लिने अवसर पाइन । यसबेला  इन्द्रवती भनिन् “म आफुलाई लाई गौरवशाली ठाकेको छ ,यो अर्न्तवार्ता लिनपाएको मा ।” अर्न्तवार्ता लिएको अर्को दिनप्रहरी  निरिक्षक श्री नरेन्द्र के.सी. ज्यु घर सोध्दै बेल्सापुर गाँउमा पुग्नु भयो । त्यो हेरेर गाँउका सबै व्यक्तिहरु चकित भए ,पुलिसको गाडी किन यो गाँउमा आयो भनेर ।  इन्द्रवती भनिन प्रहरी निरिक्षक नाम सोध्दै आउनु भयो , म र मेरो अर्न्तवार्ता लिएको अर्को साथीलाई अर्न्तवार्ता लिएकोमा बधाई दिदै पुरुस्कारहरु दिनु भयो । पुरुस्कार माकापी कलम,झोला हरु दिनु भयो पुरुस्कार ग्रहण गर्ने बेला गाउँका सबै व्यक्तिहरु सम्मान दिनथाले “त्यो दिन मेरो खुसीको सिमा रहेन् ” इन्द्रवतीले भन्नु भयो ।

इन्द्रवतीको पढाई विचमा छोडने स्थिती थियो तर इन्द्रवतीले आफ्नो परिवारलाई सम्झाई बुझाई कम्तीमाकक्षा १० सम्म पढन दिनु भनेर परिवारलाई सम्झाए पछिउनीअफ्नो पढाई लाई निरन्तरतालाई गरिन् र अहिले उनी एस. एल. सी. पास भएकी छिन् । एस. एल. सी. पास भए पछि दलित समाजिक विकासकेन्द्रको समिक्षा बैठकमा मेरो पालो परियोजनाको पुरा टिम टिका लगाएर बधाई दिए । केएर नेपाल अनुगमन तथा मुल्यांकन अधिकृत श्री राजन सुवेदी ज्यु ले मिठाई खुवाईबधाइ दिनु भयो । इन्द्रवतीले भन्छिन " म धेरै खुसी छु किनकि अब मेरो पालो कार्यक्रमले गर्दा अजा म यो अवस्थामा पुगेको छु मेरो परिवार लाई सम्झाउन सफल भएकी छु । मलाई कक्षा ११मा पढ्नको लागि अहिले मेरो दाई अनुमतीदिनु,भएको छ । "दलित सामाजिक विकाश केन्द्रले दिएको छात्रवृत्तिकको व्याज रकम झिकेर कापी किताब र स्करल ड्रेस किनेको कुरा उनले भनिन् । अहिले उनी स्वास्थ्य विषय लिएर श्री अनिरुद्ध पब्लिक उच्च मा.वि बैदौलीमा कक्षा ११मा पढीरहेकी छिन । गांउका सबै किशोरीहरुलाई सश्क्त पार्ने र अध्ययनमा निरन्तरता दिने उनको ईच्छा रहेको कुरा ईन्द्रावतीले भनिन ।

## सशक्त हुँदै साधना

कपिलवस्तु जिल्लाको साविक बसाखोर गाविसको कर्मा पछाडी पारिएको ,बालविवाह धेरै भइरहेको ठाउँ मध्येको एउटा गाऊँ हो, जहाँ किशोरीहरु सानैमा बालविवाह गरेर अरुको घर जाने गर्दछन । छोरी १२ वर्षको पुग्दा नपुग्दै बाबुआमालाई छोरीको निम्ति वरको खाँचो पर्दछ र उनिहरु राम्रो वरको खोजीमा हुन्छन् । त्यहि परम्पराको शिकार भएको कपिलवस्तु जिल्लाको शुद्धोधन गाउँपलिका वार्ड नं ६ (बाँसखोर सा नो कर्मा) मा वसोवास गर्ने वर्ष १९को साधना हरिजनको घरमा पाँच जनाको परिवार छन जसमा आमा इनरमाती हरिजन र बुवा मुराली हरिजन र दुई जना भाई छन । सधनाको आमावुवा कृषि मजदुरी गरि आफ्नो र आफ्नो परिवार को जिविका चलाई रहेको अवस्था छ । साधनाको घर एक कट्ठा जमिनमा एक कोठा पक्की रहेको छ बांकी र घरको बाँकी भाग फूशले छाएको छ । उनको आमाबाबुकोको आर्थिक स्थितिले कमजोर हरे पनि जेन तेन गरेर छोरी साधना र छोरा लाई पढाँउँदै आएका छन । सधाना अहिले ७क्ष पास गरेर आफ्नो पढाई लाई अगाडी निरन्तरता दिनको लागि प्रयास गरिहरेकी छिन् ।

गाउँमा अब मेरो पालो परियोजना अर्न्तगत समुहहरु संचालन भए पछि उनी दुर्गा किशोरी समुहको सदस्य भईन् र उनी नियमित समुह आउन थालिन् । विस्तारै उनी समुहमा गएर सिके को कुराहरु आफ्नो घरमा आमावुवा सित भन्न थालिन् । एक दिन उनले के थाहा पाइन कि उनको बाल विवाहको लागि कुरा चल्दै छ । उनी भन्छिन् कि त्यो बेला उनी सारै दुखी भइन तर हिम्मत गरिन् । त्यती खेर उनको उमेर १६वर्षको थियो । सो उमेरमा पहिलो पटक उनी आफ्नो बाल विवाहरोक्न को लागि आफ्नो अभिभावब सित कुरा गरिन् । समुहमा भएको बाल विवाहको बेफाइदा बारे कुराहरु आफ्नो घरमा आमावुवालाई रुदै भनिन " "बालविवाह गर्यो भने मेरो पढाई विचमा छुटछ । मेरो शरीर पनि कमजोर हुन्छ , आफ्नो आमा र बुवालाई सम्झाउदै भनिन् । उनी पहिलो पटक बालविवाह रोक्न सफल भए पनि फेरि उनलाई बालविवाहको चुनौति आयो उनी वर्ष १८ भएपछि फेरि उनको वुवाले विवाह गर्नको लागि दबाव दिन थाल्नु भयो । फेरि उनी विवाह रोक्नको लागि जुक्ती निकालिन र उनी आफ्नो आमालाई फकाउन थालिन। "तपाई



पनि समुहमा आएर बालविवाहको बेफाइदा बारे कुराहरु सुन्नु भएको छ त्यदि सानै उमेरमा विवाह भयो भने धेरै समस्या हुन्छ अहिले त म अलि अलि पैसा पनि कमाउन थालेको छु मलाई २० वर्ष पुरा गर्न दिनु तब सम्म म सडक नाटक देखाएर कमाएको पैसा पनि जोडन सक्छु जस बाट विवाह गर्न को लागि पनि सहयोग गर्न सक्छु र तपाई हरुलाई पनि त्यति भार पर्दैन । " उनी आफ्नो आमालाई सम्झान सफल भईन र यसरी उनी दुई पटक आफ्नो बालविवाह रोक्न सफल भईन र उनी अगाडी बढन थालिन । विस्तारै समूहमा आउँदै उनी समुहको सबै कृयाकलापमा भाग लिदै गईन् । जिल्लामा अन्य कृयाकलापमा पनि भाग लिन थालिन र उनी सडक नाटहरु देखाउन थालिन । सुरुमा नाटक देखाउदा उनी लजाँउथिन र समुदायका व्यक्तिले पनि नकारात्मक सोच राख्ने गर्थे तर साधनाले १६ दिने नाटक सम्बन्धी तालिम पाए पछि उनी बुद्ध नाटक समुहमा सहभागी भइन । उनी निर्धक्करुपमा लाज नमानी विभिन्न ठाउँमा नाटक देखाउन थालिन । नाटक देखाए वपात पैसा कमाउन थालिन । त्यो हेरेर गाँउ समुदायका व्यक्तिहरुले पनि नाटक देखाएको लाई सकारात्मक रुपमा लिन थाले । आफुमा परिवर्तन गर्दै विभिन्न कृयाकलापमा सक्रिय रुपमा सहभागी हुन थालिन । पछि उनी दलित समाजिक विकाश केन्द्र र अव मेरो पालो परियोजना द्वारा संचालित किशोरी समुहको सहजकर्ताको रुपमा जागरि गर्न थालिन । उनी मुस्कुराउदै भन्छिन

"पहिला म एउटा समुहको किशोरी थिए तर अहिले आफै किशोरी समुहमा छलफल चलाउछु " जस बाट उनी महिनाको पाच हजार रुपैया कमाउन थालिन । त्यो पैसाहरु आफ् नो घरको खर्च चलाउन आफ्नो पढाईमा खर्च गर्न थालिन । उनको घरमा शौचालय थिएन । नाटकबाट कमाएको पैसा रु ५००० पाचँ हजारले घरमा शौचालय बनाईन । संस्थाले उनलाई सहयोग गरेको छात्रवृत्तिको व्याजबाट आएको पैसाले आफनो् नागरिकता पनि बनाईन । अहिले उनी जिल्ला स्तरिय बाल क्लबको सदस्य पनि हुन । उनी बिभिन्न ठाउँहरुमा आफैले सर्म्पक समुन्वय गरेर नाटहहरु देखाउन थालकी छिन र आफु संगै गाँउका किशोरीहरुलाई नाटक दे खाउन सहभागी गराई रहेकी छिन । उनीहरु पनि नाटक देखाए वपात पैसा कामईरहेको कुरा सधानले भनेकी छिन् ।

साधना भन्छिन् अहिले मेरो आमा बुवा मलाई घरको कुनै पनि निर्णय लिने बेलामा सोध्नु हुन्छ र मलाई गाँउ भन्दा बाहिरा जानको लागि रोकछेक गर्नु हुन्न । मैले भनेको कुरा सुन्नु हुन्छ र मान्नु हुन्छ । समुदायका व्यक्तिहरुले पनि मेरो सम्मन गर्नु हुन्छ वहाँहरुले आफ्नो छोरीहरु मेरो उदाहरण दिएर साधना जस्तो बन्नु पर्छ भनेर भन्नु हुन्छ अहिले म मेरो खुटटा् मा उभेको महशसु गर्छु भनेर मन्द मुस्कानको साथ सधनाले भनिन् ।

## Gulsaba Bano; the shining star

Gulsaba Bano lives at Ajigara village of Krishnanagar municipality ward number 7; Kapilvastu district of Nepal. The village location is about 35 K.M. away from district headquarter, Taulihawa and it is supposed to be the more vulnerable and educationally backward area of the district where Muslim girls and women always wear Burka (a black clothe that Muslim girls and women wear to cover their whole body).



Now Gulsaba Bano is the President of Lali Gunrans gilrs' group of Ajigara village. She has 32 members in her family. She has 5 brothers and 3 sisters. She is the 2nd last among eight offspring of her parents. By age she has just become 17 years.

Three years back, she came to the contact of girl's group intervention after the launching of Tipping Point Project within the District. Being remote area and Muslim dense community, her village; Ajigara was selected for empowering girls against child early and force marriage. Gulsaba Bano was selected to be the member of girl's group after the mapping and analysis of adolescents' data of the village with the tool of underlying causes of poverty and vulnerability analysis.

Before the girl's group intervention and discussion, Muslim girls and women were rarely allowed to go outside of their village. Education for Muslim girls was similar to cross the thorny way and Iron Gate to cross their homes and village. Child marriage and dowry system, discrimination to girls and women and caste based discrimination were the key issues of the village and the locality.



Within the dark, dense and deep cave of issues of the village, Gulsaba Bano seemed to be the shining star after she joined the girl's group of Lali Gunrans. At the beginning she was just a member of the group, she was slow and shy to speak and keep her desires and dreams in the discussions. She was student of primary school of her village. Her father; Mr. Mohammed Nasim did not allow to join girl's group at the beginning. Strategically within the program intervention, he was selected to be the member of parents group for supporting girls and empowering to them. Later on her father permitted Gulsaba to join group and supported her for regular education.

After the support of her parents she joined in group discussion along with her education. She joined every school based programs organized in the coordination of the groups and project. She achieved well positions in extra activities and fun center organized by



the groups. She also got opportunity for enter VDC program such as intergeneration dialogue, football, volleyball, speech contest and quiz contests. The group facilitators and social mobilize became happy at her interest of the group activities. After two years the group decided her for lead role of the group and she became president of Lali Gurans girl's group of Agijara.



After she got the lead role of the group she tried her best to activate all girls for regular meeting and session discussion. In absence of the facilitators she could run the discussion in her own lead.

At the third year of the group intervention, she did well performance in speech contest program of the district level and she got selection to conduct District level girls' conference in 2016. She also played football at the inter district football competition in 2017.

She did her best as the master of the ceremony of girls' conference at the district head quarter which was full of government line agencies, different boundary partners and likeminded organization as well as girls and boys groups. The village girl who was no more able to cross primary level education passed with first (68.5%) division in SSE exam (final exam of grade 10) of 2017. Thus Gulsaba Bano really appeared as shining star in the village.

In the month of July she joined 10 +2 education at Bahadurganj which is about 10 K.M. away from her village.

She facilitated district level interaction with newly elected people's representative which was organized by district level adolescents leadership club of Kapilvastu district. Now she feels no any hesitation to announce and facilitate any program of the district level. She has been continually going to school. Peoples of the village who criticized before for her mobility and activities, appreciate now. Teachers of the school admire and inspire other girls to be like Gulsaba Bano.

She says "There are still lots of issues for girls. Their free mobility is still restricted. They can't go outside alone. They are deprived of join peoples gathering, meeting and conferences. They don't have facility for higher education. They don't have opportunity to join any alternative earnings. There is a big discrimination between girls and boys. Boys are encouraged to join private and English medium School but girls are limited only in primary and lover secondary education at government Schools. "

Further she delivers in house problem of girls such as looking after small children and cooking food.

She has keen analysis of girl's restrictions. She says "I don't like such discriminations, restriction and limitation of girls. I have dream to activate all girls and enlarge our movement against those discriminations." She expresses her future vision to be a doctor. It is the education and evoking knowledge of Gulsaba that has given enthusiastic courage and strength to fight the social hazards existed of the village.

**Collected and composed by**
**Govinda Dhawal**

## गाउँमा स्थापित हुँदै साम्प्रदायिक सदभाव

**खग प्रसाद चापागाई कपिलवस्तु, २६ मंसिर ।**

केहि बर्ष अघि खानामा छोईन्छकी भनेर बार्ने जिल्लाको यशोधरा गाँउपालिका ६ भैसहियाकी मन्जु गुप्ताको अहिले मुस्लिम समुदायलाई गर्ने व्यवहारमा परिवर्तन आएको छ ।

बर्षो सम्म खासै चासो नराख्ने छिमेकी नसिमा खातुन कहाँ मिठो मसिनो पाक्यो कि मन्जुका लागी भाग लाग्न थालेको छ । पहिले मुस्लिम समुदाय सँगै खान हुन्न भन्ने मान्यता राख्ने मन्जु र छिमेकी नसिमा अहिले मिल्ने साथी भएका छन । सामुदायीक कार्य मात्रै होईन, घरायसी कार्यमा समेत अैनचो पैचो चल्न थालेको छ । मन्जु मात्रै हाईन उनकी ७२ बर्षिय सासु अकाली गुप्ता समेत बुहारीको छिमेकी नसिमासँग सुधारिएको व्यवहारले दंग छन् ।

“दुःख सुखमा छिमेकी नै काम लाग्ने हुन । बुहारीले छुवाछुत हटाएको मलाई कुनै गुनासो छैन,” अकाली भन्छिन । पहिले फरक सम्प्रदायको भन्ने धारणाले सामान्य बोलचाल मात्रै हुने गरेका आफुहरू बिच अहिले चाड पर्व, बिवाह र उत्सवमा सगै खानपान चल्न थालेको मन्जु बताउँछिन् । आफुहरूले मान्ने ईद र बकराईदमा मन्जुको परिवारमा उपहार र खानेकुरा दिएको र हिन्दुहरूको दिपावलीमा आफनो घरमा समेत झिलीमिली लगाएर मिठाईहरू ल्याई रमाईलो गरे को अनुभव सुनाउछिन छिमेकी नसिमा । “हामीमा साम्प्रदायिक सदभाव कायम भए समाजको बिकास हुन्छ भन्ने ज्ञान आए सगै छोराले यस बर्ष दिपावलीमा घरमै झिलिमिली लगाएको हो । हामीले पनि दिपावली मनाएर रमाईलो गऱ्यौं ।” उनले भनिन । दुबै जना सुनौलो महिला समुहमा आबद्ध भए सगै सो परिर्वतन आएको हो ।

उता जिल्लाको मायादेबी गाँउपालिका ४ पिपरामा रहेको जागरुक महिला समुहकी अध्यक्ष मरियम खातुन र सोही वडाकी वडा सदस्य ईनरमती लोधको सम्बन्ध पनि उस्तै प्रगाढ बनेको छ । त्यति मात्रै होईन यशोधरा गाँउपालिका ६ को रंगपुरमा रहेको ईदगाँहमा वडाकै सगरमाथा किशोर किशोरी समुहले ईदको नवाज भन्दा एक दिन सरसफाई गरेका थिए । “धार्मिक सदभाव कायम गर्न सबै किशोर किशोरी मिलेर ईदगाह सफा गरेका थियौ । हामी पहिले कहिल्यै ईदगाहमा जाँदैनथ्यौ । त्यहाँ गए, झारफुक गराउनु पर्छ भन्ने मान्यता थियो ।” सगरमाथा किशोर किशोरी समुह की सचिव आँचल गिरीले भनिन । मुस्लिम धर्माबलम्बीको ईदगाह सफाई गर्न आफनै किशोर किशोरीले अगुवाई गर्दा खुसी लागेको उनले अनुभव सुनाईन । “हामीले सरसफाई मात्रै नभई बालविवाह बारे सचेतना, किशोरा समुहमा रक्षा बन्धन, मुस्लिम समुदायको ईदमा टोपी उपहार दिने र घरायसी कार्यको अनुभवका लागी किशोरहरूलाई समुहमा खाना बनाउन समेत सिकाएका छौ ।” उनले थपिन ।

जिल्लाको यशोधरा गाँउपालिका ६ र मायादेबी गाँउपालिका ४ मा युनाईटेड मिसन टु नेपालको सहयोगमा दलित सामाजिक बिकास केन्द्रले एकिकृत शान्ति निर्माण परियोजना सञ्चालन गरे सगै सो सुधार आउन थालेको हो । परियोजना सञ्चालन सगै दुई गाँउपालिकाका दुबै वडाका बस्तीस्तर सम्मै महिला समुह, किशोर किशोरी समुह र सहयोगी पुरुष समुह निर्माण गरिएको छ । अन्तर धार्मिक विश्वास र मेलमिलाप सहितको त्रासरहित बाताबरण स्थापना गर्ने उद्देश्यले सञ्चालित परियोजनाले सचेतना र साम्प्रदायिक सदभाव निर्माणका लागी कार्य गर्दै आएको छ ।



रंगपुर स्थित गौसिया मिस्बाहुल उलुम मदरसाका प्रधानाध्यापक अब्दुल रहिम धुनियाले समेत परियोजनाले गाउँ गाँउमा सकारात्मक परिर्वतन ल्याउन थालेको अनुभव सुनाए । “दुई समुदाय बिगतमा सामुहिक कार्य गर्ने बिषयमा टाढा थिए । तर अहिले तिज, दशैं, तिहार, ईद, रक्षा बन्धनमा




सामुहिक शुभकामना आदान प्रदान गर्ने कार्यले साम्प्रदायिक सदभाव बलियो बनाएको छ ।” उनले दाबी गरे । घरायसी कार्यमा मात्रै रुमलिएर बस्ने मुस्लिम समुदायका महिला र दलित महिलाले गाँउपालिका सम्म पुगेर आफनो अधिकार प्राप्तीको वकालत गर्नु महत्वपुर्ण भएको मायादेवी ६ मा कार्यरत संस्थाकी सामाजिक परिचालक सकुन्तला अग्रहरी बताउछिन । “एका तिर दुई समुदाय बिच साम्प्रदायिक सदभाव बढेको छ भने अर्का तर्फ महिलाहरूको शसक्तिकरण समेत भएको छ ।” अग्रहरी भन्छिन । बिगतमा दुबै समुदाय बिचको दुरी भए पनि पछिल्लो समय साम्प्रदायिक सदभाव बलियो भएर नमुना कार्य गर्नु प्रशंसायोग्य रहेको मायादेबी गाँउपालिका ४ का वडा अध्यक्ष फते मोहम्मद बताउछन । “हाम्रो वडामा बिगतको तुलनामा साम्प्रदायिक सदभाव र महिला शसक्तिकरणमा बृद्धि भएको अवस्था छ ।” उनले भने । त्यस्तै बुझाई यशोधरा गाँउपालिका वडा नम्बर ६ का वडा अध्यक्ष श्याम नारायण उपाध्यायको पनि छ । “परियोजनाले सामाजिक सदभाव र शान्ति निर्माणका लागी उदाहरणीय कार्य गरेको छ । बिपन्न बर्ग लक्षित सचेतना कार्यक्रमले समुदायलाई अधिकार र कर्तव्यको बोध गराउन सहयोग गरेको छ ।” वडा अध्यक्ष उपाध्यायले भने ।

परियोजना सञ्चालन पछि दुबै समुदायका अगुवा, धर्मगुरु र समुदाय बिचमा नै आत्मियता र भाईचारमा बृद्धि भएको परियोजनाका संयोजक सतिस कुमार हरिजन बताउछन । “एकातिर साम्प्रदायिक सदभावमा बृद्धि भएको छ भने लैङ्गिक बिभेदका घटना बिरुद्ध आवाज उठन थालेका छन ।” उनी भन्छन । परियोजना सञ्चालित दुबै वटामा ८ वटा महिला समुह, ४ वटा किशोर किशोरी समुह र २ वटा पुरुष सहयोगी सञ्जाल रहेको दलित सामाजिक बिकास केन्द्रका अध्यक्ष रामशरन रैदासले जानकारी दिए । सबै बर्ग समुदाय बिच आत्मिय सम्बन्ध स्थापित गरि समाजमा शान्तिपुर्ण अवस्था सिर्जना गराउन परियोजना अर्न्तगत कार्य सम्पादन गरिएको उनले स्पष्ट पारे ।